२०६५ साल मंसिर ४ गते रोज ४ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. अर्थ मन्त्रालय - नेपाल निवृत्तभरण विधेयक, २०६५ लाई सैद्धान्तिक सहमति दिने ।

२. अर्थ मन्त्रालय - नेपाल सरकार र नेदरल्याण्ड सरकारको अन्तर्राष्ट्रिय विकास संस्थाबीच गरिने नयाँ सम्झौतामा हस्ताक्षर गर्ने ।

३. अर्थ मन्त्रालय - माननीय मन्त्रीको नेतृत्वमा कतारमा आयोजना हुने International Conference on Financing for Development मा सहभागी हुन प्रतिनिधिमण्डल पठाउने ।

४. अर्थ मन्त्रालय - आर्थिक वर्ष २०६४।०६५ मा लागू गरिएको कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिने र कार्यक्षेत्र थप गर्ने ।

५. अर्थ मन्त्रालय - प्रदूषण नियन्त्रण शुल्क नेपाल आयल निगमले अब पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्ने मितिदेखि र सो नभएमा २०६५ पौष १ गतेदेखि लागू गर्ने ।

६. उद्योग मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा बेइजिंगमा आयोजना हुने नेपालमा चिनिया लगानी सम्बन्धी सम्मेलनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

७. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - संविधानसभा अदालतका मा. न्यायाधीश तथा कर्मचारीहरुलाई श्रावण देखि हाललाई छ महिनाको लागि शुरु तलव स्केलको २५ प्रतिशत भत्ता दिने ।

८. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - मा.मातृकाप्रसाद यादवलाई औषधि उपचार गर्न सात लाख रुपैयाँ पेश्की दिने ।

९. प्रमुख निर्वाचन आयुक्तलाई अमेरिका र निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीलाई प्लालेस्टाइन निर्वाचन प्रणाली बारे अध्ययन गर्न भ्रमणमा जान स्वीकृति दिने ।"

१०. गृह मन्त्रालय - सुरक्षा अङ्गहरुलाई आधुनिकीकरण गर्न गठित उच्चस्तरीय कार्यदलमा सह सचिव श्री मोदराज डोटेल र अनुसन्धान निर्देशक श्री अशोकदेव भट्टलाई सदस्य तोक्ने ।

११. जलस्रोत मन्त्रालय - माथिल्लो तामाकोशी जलविद्युत आयोजना संचालनको लागि कर्मचारी सञ्चयकोषमा परियोजना धितो जमानी राख्ने ।

१२. परराष्ट्र मन्त्रालय - नेपाल सरकार र United Nations Population Fund (UNFPA) बीच सो संस्थाको Sub-Regional Office नेपालमा स्थापना गर्न सम्झौता गर्ने ।

१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०६२ को अधिनमा रही आरोहण शाखा विराटनगरलाई ०-१२-२.७५ विगाहा क्षेत्रफलको सरकारी जग्गा पच्चीस वर्षका लागि सो जग्गा भाडामा दिन, बेचबिखन गर्न र धितो बन्धक राख्न नपाइने शर्तमा भोगाधिकार उपलब्ध गराउने ।

१४. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय – मा. सामान्य प्रशासन मन्त्रीको नेतृत्वमा ब्राजिलमा आयोजना हुने World Congress III against Sexual Exploitation of Children and Adolescents बैठकमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

१५. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - राष्ट्रिय महिला आयोगका अध्यक्ष श्री नैनकला थापालाई दक्षिण अफ्रिकामा आयोजना हुने Strengthening Women's Political and Economic Participation विषयक अध्ययन भ्रमणमा पठाउने ।

१६. रक्षा मन्त्रालय - नेपाली राजदूतावास अमेरिकाको सैनिक सहचारी पदमा महासेनानी श्री शम्शेर ठकुराठी, नेपाली राजदूतावास पाकिस्तानको सैनिक सहचारी पदमा महासेनानी श्री सुरेश शर्मा र नेपाली राजदूतावास बंगलादेशको सैनिक सहचारी पदमा महासेनानी श्री प्रभुराम शर्मालाई नियुक्ति गर्ने ।

१७. रक्षा मन्त्रालय -सहायक रथी श्री केशवराज महतलाई उपरथी पदमा पदोन्नति गर्ने ।

१८. रक्षा मन्त्रालय - बेलायती सेनाका CGS लाई नेपाल भ्रमण गर्न स्वीकृति दिने ।

१९. रक्षा मन्त्रालय - उपरथी छत्रमान सिंह गुरुङ्गलाई रथी पदमा पदोन्नति गर्ने ।

२०. रक्षा मन्त्रालय - चीन सरकारले उपलब्ध गराउने ८० लाख यूआन बराबरको अनुदान सहायता स्वीकार गरी सम्झौतामा हस्ताक्षर गर्ने ।

२१. वन तथा भू-संरक्षण मन्त्रालय - वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही नेपाल कोरिया इन्स्टिच्यूट अफ टेक्नोलजीलाई ९-१३-० विगाहा वन क्षेत्रको जग्गाको भोगाधिकार पच्चीस वर्षका लागि उपलब्ध गराउने ।

२२. वन तथा भू-संरक्षण मन्त्रालय - राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को अनुसूची ५ मा क्र.सं. “५. जोधिपुर गाउँबाट बबई सिचाई नहर हुँदै पूर्व पश्चिम राजमार्गसम्मको बाटो” थप गर्ने ।

२३. वाणिज्य तथा आपूर्ति मन्त्रालय - मा. मन्त्रीले कम्बोडियामा आयोजना हुने अतिकम विकसित देशहरुको मन्त्रिस्तरीय सम्मेलनमा भाग लिने ।

२४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - व्यक्ति वेपत्ता पार्ने सम्बन्धी विधेयक २०६५ संविधान सभाको व्यवस्थापिका संसदसमक्ष पेश गर्ने ।

२५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - शान्ति कोष (संचालन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

२६. शिक्षा मन्त्रालय - मा.मन्त्रीको नेतृत्वमा स्वीजरल्याण्डको International Conference on Education को ४८ औं सेसनमा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने ।

२७. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सार्वजनिक यातायातको भाडामा विद्यार्थी, जनआन्दोलनका असक्त घाइते र अपाङ्गहरुलाई ४५ प्रतिशत सहुलियत दिने र भाडाका यात्रु वाहक सार्वजनिक सवारी साधनहरुमा लाग्ने वार्षिक सवारी साधन कर तथा वाटो इजाजत दस्तुरमा ५४.५४ प्रतिशत छुट दिने ।

२८. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - यातायात व्यवस्था विभागको महानिर्देशक श्री खगेन्द्रमणी पोखरेलको निलम्वनको अवधि एक महिना थप गर्ने ।

२९. सूचना तथा सञ्चार मन्त्रालय - पत्रकार श्री गजेन्द्रसिंह बुढाथोकीलाई ३ लाख रुपैयाँ र पत्रकार तेजबहादुर खड्कालाई १ लाख रुपैयाँ उपचार गर्न आर्थिक सहायता उपलब्ध गराउने ।

३०. स्थानीय विकास मन्त्रालय - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६५ स्वीकृत गर्ने ।

३१. स्थानीय विकास मन्त्रालय - मा.मन्त्रीको नेतृत्वमा मलेशियामा आयोजना हुने 3rd Asian Ministerial Conference On Disaster Risk Reduction विषयक कार्यक्रममा भाग लिन पठाउने ।

३२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - मा.मन्त्रीको नेतृत्वमा मालिमा आयोजना हुने स्वास्थ्यका लागि अनुसन्धान विषयक मन्त्रिस्तरीय विश्व मञ्च तथा नेतृत्व विकास प्रयास कार्यशालामा भाग लिन पठाउने ।

३३. राष्ट्रपतिको कार्यालयको मिति २०६५।७।२६ को पत्रलाई दृष्टिगत गरी सम्माननीय राष्ट्रपतिको सुरक्षाकर्मीको लागि निवास व्यवस्था सम्बन्धी कार्य तत्काल गर्नु परेकाले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भएको बोलपत्र सम्बन्धी प्रक्रिया पूरा गरी घर भाडामा लिन समयाभावले नभ्याउने भएकोले विशेष प्रक्रिया अबलम्वन गरी सो कार्य गर्ने व्यवस्था भौतिक योजना तथा निर्माण मन्त्रालयले मिलाउने ।

३४. नेपाल ट्रष्टको कार्यालयको मिति २०६५।६।१७ को पत्रलाई दृष्टिगत गरी का.म.पा. वडा नं. १ स्थित कि.नं. ४६०६ को क्षेत्रफल १-१४-१-० रोपनी एवं का.म.पा. वडा नं. २ स्थित कि.नं. ४०३, ४०४ र ४९५ को क्षेत्रफल ६-१३-०-१ रोपनी घर जग्गा राष्ट्रियकरण गरी उक्त ट्रष्टको नाममा नामसारी गर्ने । यस सम्बन्धी आवश्यक व्यवस्था भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मिलाउने ।

३५. श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६५।७।२८ को पत्रलाई दृष्टिगत गरी माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री लेखराज भट्ट फिलिपिन्सको मनिलामा आयोजित Global Forum on Migration and Development विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन जाँदा एक दिन बढी लागेकोमा सो एक दिनको भ्रमण काज समर्थन गर्ने ।

३६. सूचना तथा सञ्चार मन्त्रालय - नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिश गर्न गठित समितिलाई नेपाल दूरसञ्चार प्राधिकरणका सदस्यको नियुक्तिको लागि सिफारिश गर्ने कार्यक्षेत्र पनि थप गर्ने ।

३७. नेपाल सरकारका सचिवहरु तथा अन्य पदाधिकारीहरुको सवारी चलाउने हलुका सवारी चालकहरुलाई कार्यालय समयभन्दा अघिपछि पनि कार्य सन्चालनमा संलग्न हुनुपर्ने भएकोले निजहरुलाई मासिक ६० घण्टासम्म अतिरिक्त समय भत्ता दिने सम्बन्धमा सैद्धान्तिक स्वीकृति दिने । नेपाल सरकारका मुख्य सचिव, अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सचिव रहेको उपसमितिले अतिरिक्त समयको घण्टा निर्धारण गर्ने ।

३८. गृह मन्त्रालय - मन्त्रिपरिषद्को मिति २०६५।५।२९ को निर्णयानुसार ललितपुर इमाडोल निवासी प्रदिपकुमार खड्काको मृत्यु सम्बन्धमा जाँचबुझ गर्न गठित न्यायिक जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदन आवश्यक कार्वाहीको लागि गृह मन्त्रालयमा पठाउने ।

३९. सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

४०. सामान्य प्रशासन मन्त्रालय - "प्रशासन पुनःसंरचना आयोगको गठन तथा कार्यादेश" स्वीकृत गर्ने ।

४१. अर्थ मन्त्रालय - "आर्थिक परिषद् सम्बन्धी अवधारणापत्र" स्वीकृत गर्ने ।

४२. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - समाज कल्याण ऐन, २०४९ मा उल्लिखित समाज कल्याण परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी विषय पुनरावलोकन गरी ऐन संशोधन गर्ने प्रक्रिया महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले अघि बढाउने । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।७।२४ को निर्देशन र समय समयमा आएका गुनासोबाट परिषद्को कार्य सम्पादन सन्तोषजनक नदेखिएकोले सो ऐनको दफा ५. को उपदफा (२) बमोजिम हाल कायम रहेको समाज कल्याण परिषद् विघटन गर्ने ।

४३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ बमोजिम अर्थ मन्त्रालय र कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको परामर्श लिनुपर्ने विषयमा उक्त मन्त्रालयहरुको परामर्श नलिई निर्णयार्थ प्राप्त हुन आएका प्रस्तावहरु सम्बन्धित मन्त्रालयमा नै फिर्ता पठाउने ।

४४. गृह मन्त्रलाय - वांके निवासी नेकपा (माओवादी) का नेता श्री ओमप्रकाश के.सी.लाई बैंककमा गई पक्षाघातको उपचार गर्न लाग्ने खर्च नेपाल सरकारले व्यहोर्ने । हाल निजलाई सात लाख रुपैयां पेश्की स्वरुप उपलब्ध गराउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल कार्तिक २० गते रोज ४ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. अर्थ मन्त्रालय - साना किसान तथा साना घरेलु उद्यमीलाई ऋण मिनाहा सम्बन्धी कार्यविधि, २०६५ स्वीकृत गर्ने ।

२. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय — सुधीर लामा समेत १८ जनाको मुद्दा फिर्ता लिने ।

३. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय — गगन राय यादव समेत ६ जनाको मुद्दा फिर्ता लिने ।

४. कृषि तथा सहकारी मन्त्रालय - माननीय मन्त्रीको नेतृत्वमा इटलीको राजधानी रोममा आयोजना हुने एफ.ए.ओ. को ३५ औं बैठकमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

५. गृह मन्त्रालय — लागू औषध (नियन्त्रण) ऐन, २०६५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

६. परराष्ट्र मन्त्रालय - सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा भारतको नयाँ दिल्लीमा आयोजना हुने BIMSTEC को दोस्रो शिखर सम्मेलनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

७. परराष्ट्र मन्त्रालय - माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा BIMSTEC को दोस्रो मन्त्रिस्तरीय बैठकमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

८. भौतिक योजना तथा निर्माण मन्त्रालय — मा. मन्त्रीलाई भारतको नयाँ दिल्लीमा आयोजना हुने South Asian Conference on Sanitation (SACOSAN III) मा भाग लिन पठाउने ।

९. वन तथा भू-संरक्षण मन्त्रालय - वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही मदन भण्डारी स्मृति प्रतिष्ठान, मोरङ्गलाई १३ हेक्टर वन क्षेत्रको जग्गा पच्चीस वर्षका लागि जग्गा भाडामा दिन, बेचबिखन गर्न र धितो बन्धक राख्न नपाइने गरी भोगाधिकार उपलब्ध गराउने ।

१०. वन तथा भू-संरक्षण मन्त्रालय - वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही सुनकोशी हाइड्रोपावर कम्पनीलाई तल्लो इन्द्रावती जल विद्युत आयोजना निर्माण कार्यको लागि १.३५ हेक्टर जग्गा उपलब्ध गराउने ।

११. सूचना तथा सञ्चार मन्त्रालय — अतिरिक्त हुलाकमा कार्यरत हुलाक प्रतिनिधिको मासिक पारिश्रमिक २,७५०।- र पत्र वितरक तथा डाँक वाहकको मासिक पारिश्रमिक २,३००।- कायम हुने गरी वृद्धि गर्ने ।

१२. स्थानीय विकास मन्त्रालय — नगरपालिकाको नाम परिवर्तन गर्ने -
   (क) महेन्द्रनगर नगरपालिकाको सट्टा भीमदत्त नगरपालिका
   (ख) पृथ्वीनारायण नगरपालिकाको सट्टा गोरखा नगरपालिका
   (ग) त्रिभुवननगर नगरपालिकाको सट्टा घोराही नगरपालिका

१३. स्थानीय विकास मन्त्रालय — मा.मन्त्रीलाई भारतमा हुने मैथिली भाषा सम्बन्धी कार्यक्रममा भाग लिन जान स्वीकृति दिने ।

१४. देहायका महानुभावहरुलाई राष्ट्रिय योजना आयोगको सदस्यमा नियुक्ति गर्ने -
   (क) श्री राममणि पोखरेल, भोजपुर ।
   (ख) डा. कयोदेवी यमी, काठमाडौं ।
   (ग) श्री प्रेम कुँवर, अछाम ।
   (घ) प्रा.डा. योगेन्द्रप्रसाद यादव ।
   (ङ) डा. सुनिलबाबु श्रेष्ठ, गोरखा ।
   (च) प्रा. डा. रामदेव सिंह, पर्सा ।

१५. वाणिज्य तथा आपूर्ति मन्त्रालय - नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले आयोजना गर्न लागेको वैज्ञानिकहरुको सम्मेलनका विदेशी सहभागीहरुलाई रिसेप्सनका लागि सो प्रतिष्ठानलाई एक लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

१६. संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय - तराई सांस्कृतिक प्रतिष्ठानलाई छठ पर्व मनाउन चार लाख पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । साथै, उल्लिखित रकम मध्येबाट सोही पर्वका लागि थापाथली घाट र गौरी घाटका लागि पचास/पचास हजार र मनहराका लागि दश हजार आर्थिक सहायता उपलब्ध गराउने ।

१७. गृह मन्त्रालय -

देहायबमोजिम गर्ने -

(क) नेपाल प्रहरीलाई समावेशी बनाउँदै जाने क्रममा महिला प्रहरीका लागि मात्र कायम रहने गरी प्रहरी नायव महानिरीक्षक (DIG) पद दुई सृजना गर्ने ।

(ख) नेपाल प्रहरी अस्पतालमा प्राविधिक प्रहरी नायब महानिरीक्षक (DIG) पद दुई सिर्जना गर्ने ।

१८. शान्ति तथा पुनर्निर्माण मन्त्रालयको मिति २०६५।७।१८ को पत्रानुसार बेपत्ता पारिएका व्यक्तिहरुको पीडित परिवारलाई पनि मिति २०६५।१।१३ को मन्त्रिपरिषद्, राजनैतिक समितिबाट स्वीकृत "द्वन्द्वपीडितहरुका लागि आर्थिक सहायता एवं राहत सम्बन्धी मापदण्ड, २०६५" को दफा १.१.१ बमोजिम प्रति परिवार एक लाख रुपैयाँ राहत स्वरूप उपलब्ध गराउने ।

१९. राष्ट्रपतिको कार्यालय को स्वकीय सचिवालयतर्फको दरबन्दीमा देहायबमोजिमको पद थप गर्ने-

(क) राजपत्रअनङ्कित प्रथम श्रेणी (प्रा), टेलिफोन अपरेटर दुई ।

(ख) राजपत्रअनङ्कित प्रथम श्रेणी (प्रा), फोटोग्राफर एक ।

(ग) श्रेणी विहीन, कार्यालय सहायक तर्फ (भान्से एक, भान्सेको सहयोगी एक, नाउ एक, धोवी एक, मोचो एक) पाँच ।

२०. अर्थ मन्त्रालय - संविधान सभा/व्यवस्थापिका-संसदमा तराई मधेश लोकतान्त्रिक पार्टीका प्रमुख सचेतक वा सचेतकमध्ये एकलाई राज्यमन्त्री सरहको पारिश्रमिक उपलब्ध गराउने ।

२१. देहायबमोजिम गर्ने -

(क) सम्माननीय प्रधानमन्त्रीको प्रमुख सल्लाहकार राज्यमन्त्रीस्तरको हुने र निजलाई राज्यमन्त्रीले पाउने सरहको पारिश्रमिक, सवारी सुविधा उपलब्ध गराउने ।

(ख) सम्माननीय प्रधानमन्त्रीको सल्लाहकार समूहको दरवन्दीमा नियुक्त हुने सल्लाहकारको स्तर प्रधानमन्त्रीले दिने नियुक्ति पत्रमा तोकेबमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणी वा सहायक मन्त्रीस्तरको हुने र निजहरूलाई सोही बमोजिमको पारिश्रमिक र सवारी सुविधा उपलब्ध गराउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल कार्तिक ११ गते रोज २ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. "नेपालको अन्तरिम संविधान (छैठौं संशोधन), २०६५" संविधान सभाको व्यवस्थापिका-संसद समक्ष माननीय कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रीले पेश गर्ने ।

२. अर्थ मन्त्रालय - तराई क्षेत्रमा सडक पूर्वाधार सुदृढीकरण (तराई रोड आयोजना) का लागि भारत सरकारले उपलब्ध गराउने आर्थिक तथा प्राविधिक सहयोग स्वीकार गरी समभ्रदारी पत्रमा हस्ताक्षर गर्ने।

३. अर्थ मन्त्रालय - ग्रामीण पुनर्निर्माण तथा पुनःस्थापन आयोजना कार्यान्वयनका लागि बेलायत सरकार (डिएफआईडि) बाट प्रस्तावित १ अर्ब २९ करोड रुपैयाँ बराबरको अनुदान सहायता स्वीकार गरी समभ्रदारी पत्रमा हस्ताक्षर गर्ने ।

४. अर्थ मन्त्रालय - ग्रामीण पहुँच कार्यक्रम कार्यान्वयनका लागि बेलायत सरकारबाट प्राप्त हुने २ अर्ब १९ करोड रुपैयाँ बराबरको अनुदान सहायता स्वीकार गरी समभ्रदारी पत्रमा हस्ताक्षर गर्ने।

५. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - प्रकाश दाहाल समेत ३४९ जनाको मुद्दा फिर्ता लिने ।

६. कृषि तथा सहकारी मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा भारतको नयाँ दिल्लीमा आयोजना हुने Extra-ordinary Meeting of the SAARC Agriculture Ministers विषयक बैठकमा भाग लिन पठाउने ।

७. गृह मन्त्रालय - 'सुदूर पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल क्षेत्रमा विपदबाट प्रभावितहरूका लागि विशेष राहत कार्यक्रम' लाई सैद्धान्तिक स्वीकृति दिने र प्रस्तावित कार्यक्रमलाई क्रमश कार्यान्वयन गर्ने गरी बजेटलाई दुई अर्ब पचास करोड रूपैयाँको सीमाभित्र समायोजन गर्ने । कार्यान्वयन गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम बनाई अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसंग समन्वय गरी गर्ने।

८. गृह मन्त्रालय - प्राविधिक प्रहरी नायब महानिरीक्षक डा. काशीराम कुँवरलाई प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने ।

९. भौतिक योजना तथा निर्माण मन्त्रालय - काँकडभित्ता Inland Clearance Depot (ICD) को निर्माण कार्य सम्पन्न भएपछि Nepal Intermodel Transport Development Board (NITDB) लाई हस्तान्तरण गर्ने।

१०. सामान्य प्रशासन मन्त्रालय - निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६५ स्वीकृत गर्ने ।

११. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ स्वीकृत गर्ने ।

१२. सूचना तथा सञ्चार मन्त्रालय - एफ.एम., टेलिभिजन र केवल टेलिभिजन प्रसारण संस्थाहरुको नवीकरण दस्तुर र रोयल्टी शुल्क मिनाहा गर्ने ।

१३. नारायणहिटी दरबारमा स्थापित "नारायणहिटी संग्रहालयलाई" आगामी चार महिनाभित्र सर्वसाधारण सबैको लागि खुला गर्ने गरी सञ्चालन गर्ने व्यवस्था संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयले अर्थ मन्त्रालय र गृह मन्त्रालयसँग समन्वय गरी मिलाउने।

१४. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - विराटनगर, पाटन, बुटवल र नेपालगञ्जस्थित पुनरावेदन अदालतहरुमा रहेका वाणिज्य इजलास प्रत्येकका लागि एक/एक गरी नेपाल न्याय सेवाका थप चार न्यायाधीश र नेपाल न्याय सेवा, न्याय समूह, राजपत्रांकित तृतीय श्रेणीका चार इजलास अधिकृतको दरबन्दी सृजना गर्ने ।

१५. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - पोकली झरना सेवा समाज, काठमाडौं-ओलखढुंगाको पत्रलाई दृष्टिगत गरी पोकली झरना ओखलढुंगा महोत्सव, २०६५ आयोजना गर्नका लागि दुई लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१६. सम्माननीय राष्ट्रपतिको लागि शीतल निवासमा आवासको व्यवस्था मिलाउन केही समय लाग्ने भएकोले सो बमोजिम व्यवस्था नभएसम्मका लागि उहाँलाई तत्काल तीन महिनाका लागि उपयुक्त भवन भाडामा लिई आवास व्यवस्था मिलाउने निर्णय भएअनुसार तदनुरूप आवासको व्यवस्था मिलाउँदै आएकोमा माथि उल्लिखित भवनमा निर्माण सुधारको कार्य अझै टुङ्गिनसकेकोले हाललाई अर्को तीन महिनाका लागि सम्माननीय राष्ट्रपतिलाई हाल भाडामा लिएकै घरमा आवासको व्यवस्था गर्ने । उक्त व्यवस्था भौतिक योजना तथा निर्माण मन्त्रालयले मिलाउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल कार्तिक ९ गते रोज ७ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६. बमोजिम गठन हुने विशेष समितिको "नेपाल सरकार, मन्त्रिपरिषद्बाट गठन हुने विशेष समितिको कार्यक्षेत्रगत शर्तहरु" स्वीकृत गर्ने ।

२. देहायबमोजिम गर्ने-

(क) नेपाल सरकारका देहायका मन्त्रालय तथा निकायमा नेपाल प्रशासन सेवा, राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवस्तरको देहायबमोजिमको पद सिर्जना गर्ने -

| दरबन्दी सृजना हुने मन्त्रालय/निकाय | पद नाम र श्रेणी | संख्या |
|---|---|---|
| (क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव | १ (एक) |
| (ख) शिक्षा मन्त्रालय | सचिव (आधारभूत शिक्षा) | १ (एक) |
| (ग) स्थानीय विकास मन्त्रालय | सचिव (नगरपालिका व्यवस्थापन) | १ (एक) |
| (घ) काठमाडौं महानगरपालिका | कार्यकारी अधिकृत | १ (एक) |
| (ङ) प्रशासन पुनःसंरचना आयोग | सचिव | १ (एक) |
| (च) राष्ट्रिय सूचना आयोग | सचिव | १ (एक) |
| (छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सचिव (जनसंख्या) | १ (एक) |

(ख) सामान्य प्रशासन मन्त्रालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव (दरवार कर्मचारी व्यवस्थापन) पद १ खारेज गर्ने ।

३. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिमको समितिले सिफारिश गरेबमोजिम देहायबमोजिम सरुवा गर्ने -

| क्र.सं. | नाम थर | हालको पद र कार्यरत निकाय | सरुवा भएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री जनकराज जोशी | सचिव, उद्योग मन्त्रालय | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| २. | श्री उमेशप्रसाद मैनाली | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ३. | श्री युवराज पाण्डे | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय |
| ४. | श्री रामचन्द्रमान सिंह | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ५. | श्री दीपेन्द्रविक्रम थापा | सचिव, सामान्य प्रशासन मन्त्रालय | सचिव, शिक्षा मन्त्रालय |
| ६. | श्री पुण्यप्रसाद न्यौपाने | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | सचिव, स्थानीय विकास मन्त्रालय |
| ७. | श्री बालानन्द पौडेल | सचिव, शिक्षा मन्त्रालय | सचिव, सामान्य प्रशासन मन्त्रालय |
| ८. | श्री ताना गौतम | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, उद्योग मन्त्रालय |
| ९. | श्री श्यामप्रसाद मैनाली | सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सचिव, युवा तथा खेलकूद मन्त्रालय |

| | | | |
|---|---|---|---|
| १०. | श्री अवनीन्द्रकुमार श्रेष्ठ | सचिव, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय | महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय |
| ११. | श्री छविराज पन्त | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र | सचिव, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय |
| १२. | श्री शङ्करप्रसाद पाण्डे | सचिव, युवा तथा खेलकूद मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १३. | श्री लीलामणि पौड्याल | सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, सूचना तथा सञ्चार मन्त्रालय |
| १४. | डा. उदयराज शर्मा | कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय |
| १५. | श्री विन्द्रा हाडा भट्टराई | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय |
| १६. | डा.रामहरि अर्याल | सचिव (दरबार कर्मचारी व्यवस्थापन), सामान्य प्रशासन मन्त्रालय | सचिव, राष्ट्रपतिको कार्यालय |
| १७. | श्री दीपबहादुर स्वाँर | संयोजक, मुक्त कमैया पुनःस्थापन केन्द्रीय समिति | रा.प.विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह |
| १८. | श्री गङ्गादत्त अवस्थी | का.मु. सचिव, स्थानीय विकास मन्त्रालय | का.मु.सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

४. देहायका मन्त्रालय/निकायहरुका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूको यसैसाथ संलग्न कार्य विवरण स्वीकृत गर्ने ।

(क) प्रशासन पुनःसंरचना आयोगको सचिवको कार्य विवरण ।

(ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव (जनसंख्या) को कार्य विवरण ।

(ग) स्थानीय विकास मन्त्रालयको सचिव (नगरपालिका व्यवस्थापन) को कार्य विवरण ।

(घ) शिक्षा मन्त्रालयको सचिव (आधारभूत शिक्षा) को कार्य विवरण ।

५. एकभन्दा बढी सचिवको पद कायम गरिएका मन्त्रालयका काम कारवाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन देहायको व्यवस्था लागू गर्ने गरी सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिनेः-

(क) माननीय मन्त्रीको तहबाट निर्णयभै कारवाही हुने विषयमा मन्त्रालयको सम्बन्धित क्षेत्र हेर्ने सचिवले आवश्यकता अनुसार अर्को सचिवसँग आवश्यक समन्वय र परामर्श गरी माननीय मन्त्रीज्यू समक्ष सिधै निर्णयार्थ पेश गर्ने,

(ख) मन्त्रिपरिषद्को स्वीकृतिको लागि पठाउने प्रस्तावहरू मन्त्रालयको सम्बन्धित क्षेत्र हेर्ने सचिवले नै प्रमाणित गरी पठाउने ।

६. प्रशासन पुनः संरचना आयोगका सम्बन्धमा देहायबमोजिम गर्नेः-

(क) प्रशासन पुनःसंरचना आयोग (यसपछि आयोग भनिएको) को सचिवालय, काठमाडौं उपत्यकामा राख्ने ।

(ख) आयोगको सम्पर्क मन्त्रालय सामान्य प्रशासन मन्त्रालयमा रहने ।

(ग) आयोगलाई आवश्यक पर्ने जनशक्ति सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउने ।

(घ) आयोगलाई आवश्यक पर्ने स्रोत, साधन आयोगका सचिव एवं सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरुको समितिले तय गरे बमोजिम हुने र आयोगका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले आयोगलाई उपलब्ध गराउने ।

(ङ) आयोगको अन्य काम कारवाहीमा सामान्य प्रशासन मन्त्रालयले सहयोग पुर्‍याउने ।

७. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा देहायबमोजिम कायम मुकायम मुकरर गर्ने र निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिमको समितिले सिफारिश गरेबमोजिम देहायबमोजिम पदस्थापना गर्ने । साथै, निजहरुको राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राख्ने -

| क्र.सं. | नाम, थर | कार्यरत पद र निकाय | कायम मुकायम मुकरर गरिने पद र पदस्थापन हुने निकाय |
|---|---|---|---|
| १. | श्री प्रतापकुमार पाठक | सह सचिव, गृह मन्त्रालय | का.मु.सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री युवराज भुसाल | सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | का.मु.सचिव, प्रशासन पुनःसंरचना आयोग |
| ३. | श्री किशोर थापा | सह सचिव (प्रा), भौतिक योजना तथा निर्माण मन्त्रालय | का.मु.सचिव, जल तथा शक्ति आयोगको सचिवालय |
| ४. | श्री हरिराम कोइराला | सह सचिव (प्रा.), भौतिक योजना तथा निर्माण मन्त्रालय वा अन्तर्गत | का.मु.सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री केशवराज कणेल | सह सचिव (प्रा), वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत | का.मु.सचिव, मुक्त कमैया पुनःस्थापन केन्द्रीय समिति |
| ६. | श्री सुशील घिमिरे | सह सचिव, सूचना तथा सञ्चार मन्त्रालय | का.मु.प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र |
| ७. | श्री नारायणगोपाल मलेगो | सह सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | का.मु कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिका |
| ८. | श्री दिनेशहरि अधिकारी | सह सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | का.मु.समन्वयकर्ता, शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय |
| ९. | श्री गणेशराज जोशी | सह सचिव (प्रा), कृषि तथा सहकारी मन्त्रालय | का.मु.सचिव, राष्ट्रिय सूचना आयोग |
| १०. | श्री यज्ञप्रसाद गौतम | सह सचिव (प्रा), पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत | का.मु.सचिव, (नगरपालिका व्यवस्थापन) स्थानीय विकास मन्त्रालय |
| ११. | श्री सुरेशकुमार वर्मा | सह सचिव (प्रा), कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत | का.मु.कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय |
| १२. | श्री नाथुप्रसाद चौधरी | सह सचिव (प्रा), कृषि तथा सहकारी मन्त्रालय वा अन्तर्गत | का.मु.सचिव, उपराष्ट्रपतिको कार्यालय |
| १३. | श्री रामस्वरूप सिन्हा | सह सचिव (प्रा), शिक्षा मन्त्रालय | का.मु.सचिव, (आधारभूत शिक्षा), |

| | | | |
|---|---|---|---|
| | | वा अन्तर्गत | शिक्षा मन्त्रालय |
| १४. | डा. दीर्घसिंह बम | अधिकृत एघारौं तह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | का.मु.सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १५. | डा.सुधा शर्मा | अधिकृत एघारौं तह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | का.मु.सचिव (जनसंख्या), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १६. | श्री दीप बस्न्यात | सह सचिव, अर्थ मन्त्रालय वा अन्तर्गत | का.मु.क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, धनकुटा |
| १७. | श्री रुद्रकुमार श्रेष्ठ | सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | का.मु.क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, पोखरा |
| १८. | श्री आनन्दराज पोखरेल | सह सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | का.मु.क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडा |
| १९. | श्री विनोद ज्ञवाली | सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | का.मु.क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेत |
| २०. | श्री हरिप्रसाद नेपाल | सह सचिव,गृह मन्त्रालय | का.मु.क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, दिपायल |

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कोलम्वो प्लानको वार्षिक सदस्यता शुल्क भुक्तानी गर्ने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - Information Technology Unit स्थापना गर्नका लागि आवश्यक उपकरणहरु खरिद गर्ने ।

१०. अर्थ मन्त्रालय - खाद्यान्न मूल्य संकट सम्बोधन कार्यक्रम अन्तर्गत विभिन्न परियोजनाहरुको लागि अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने २ अर्ब ८० करोड रुपैयाँ बराबरको अनुदान र सहुलियत पूर्ण ऋण स्वीकार गरी सम्झौतामा पत्रमा हस्ताक्षर गर्ने ।

११. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - गणतन्त्र सुदृढीकरण सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने विधेयक संविधान सभा समक्ष पेश गर्ने ।

१२. गृह मन्त्रालय - प्रहरी नायव महानिरीक्षक श्री कृष्णप्रसाद श्रेष्ठलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने ।

१३. गृह मन्त्रालय – देहायबमोजिम गर्ने -

(क) प्रस्तावसाथ संलग्न प्रहरी प्राविधिक (पहिलो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

(ख) प्रस्तावसाथ संलग्न प्रहरी (चौधौं संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

(ग) नेपाल प्रहरी अस्पतालमा प्रमुख (प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक) पद एक सृजना गर्ने ।

१४. गृह मन्त्रालय – हजयात्रीलाई राहत दिने ।

१५. गृह मन्त्रालय – काठमाडौं उपत्यका भित्रका वारुणयन्त्र कार्यालयहरु नगरपालिकालाई हस्तान्तरण गर्ने ।

१६. जलस्रोत मन्त्रालय – नेपाल विद्युत प्राधिकरणले आफ्ना जलविद्युत केन्द्रबाट विद्युतको, विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने ऊर्जा रोयल्टी आ.व. ०६३।६४ देखि लागू हुने गरी सरदर विक्री मूल्य ५।४१ प्रति युनिटको आधारमा निर्धारण गरी असूल गर्ने ।

१७. परराष्ट्र मन्त्रालय - नेपाल सरकार र United Nations Mission in Nepal (UNMIN) बीच सम्पन्न गरिनुपर्ने Status of Mission Agreement (SOMA) मा हस्ताक्षर गर्न स्वीकृति दिने ।

१८. परराष्ट्र मन्त्रालय - नेपालस्थित विदेशी दुतावासहरुसंग पत्राचार गर्दा, उच्चपदस्थ पदाधिकारीहरु विदेश जाँदा, नेपालस्थित कूटनितिज्ञले उच्चपदस्थ अधिकारीलाई भेट्दा, अन्तर्राष्ट्रिय सभा सम्मेलनमा प्रस्तुत हुने वक्तव्य आदिका सम्बन्धमा अन्य मन्त्रालयले परराष्ट्र मन्त्रालयसंग समन्वय गरी गर्ने ।

१९. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – नेपाल भ्रमण वर्ष २०११ आयोजना गर्ने ।

२०. भौतिक योजना तथा निर्माण मन्त्रालय - मा. मन्त्रीलाई चीनको नान्जिङमा आयोजना हुने World Urban Forum मा भाग लिन पठाउने ।

२१. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय - सर्वोच्च अदालतद्वारा भएको आदेश अनुसार महिला सीप विकास समिति, महिला सीप विकास केन्द्र पुनः स्थापना गर्ने ।

२२. रक्षा मन्त्रालय - गैरकर राजस्व वृद्धि गर्ने ।

२३. वन तथा भू-संरक्षण मन्त्रालय - खसड त्रिवेणी सिमसारलाई रामसार सूचीमा सूचीकृत गर्ने ।

२४. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - मा. मन्त्रीलाई पोल्याण्डको पोज्नानमा आयोजना हुने High-Level Segment मा भाग लिन पठाउने ।

२५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, नेपालका ५० जना घाइते कार्यकर्ताहरुको उपचार खर्चको रकम उपलब्ध गराउने ।

२६. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - शान्ति तथा पुनःस्थापन परामर्श समितिका सदस्यहरुलाई सुविधा उपलब्ध गराउने ।

२७. शिक्षा मन्त्रालय - स्व.मो. हसरत अलिलाई निजामती कर्मचारी सहिद घोषणा गरी निजको परिवारलाई सुविधा उपलब्ध गराउने ।

२८. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - काठमाडौं निवासी श्री स्थानेश्वर देवकोटालाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने ।

२९. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - मन्त्रिपरिषद्को मिति २०६५।६।४ को निर्णयानुसार गठित जाँचवुझ समितिको म्याद १५ दिन थप गर्ने ।

३०. सामान्य प्रशासन मन्त्रालय - डा. दिनेशप्रसाद पन्तलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्ति गर्ने ।

३१. सामान्य प्रशासन मन्त्रालय - सार्क मानव स्रोत विकास केन्द्र इस्लामावादको Research Associate पदमा काम गर्न छानिएका शाखा अधिकृत श्री कमलप्रसाद भट्टराईको तीन वर्षको काज स्वीकृत गर्ने ।

३२. सामान्य प्रशासन मन्त्रालय - चिनिया सरकारको तर्फबाट हस्तान्तरण हुने निजामती कर्मचारी अस्पताल हस्तान्तरण गर्ने सम्झौतामा हस्ताक्षर गर्ने ।

३३. सूचना तथा सञ्चार मन्त्रालय - नेपाल दूरसंचार प्राधिकरणका अध्यक्ष प्राध्यापक डा. दिनेशकुमार शर्माको राजीनामा स्वीकृत गर्ने र सो प्राधिकरणको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिश गर्न सिफारिश समिति गठन गर्ने ।

३४. पूर्व मन्त्री श्री आमोदप्रसाद उपाध्यायलाई क्यान्सर रोगको उपचारका लागि पाँच लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

३५. सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहनुभएका नेपाल सरकारको निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका डा. दीपबहादुर स्वाँरले मिति २०६५।७।१७ गतेदेखि लागू हुनेगरी निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम नेपाल सरकारको निजामती सेवाबाट स्वैच्छिक अवकाशका निमित्त निवेदन दिनु भएअनुसार वहाँले माग गर्नुभएको मितिदेखि नै लागू हुनेगरी स्वैच्छिक अवकाश स्वीकृत गर्ने । साथै, वहाँलाई नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही गर्नुभएको सेवाका निमित्त धन्यवाद दिँदै उज्ज्वल भविष्यको कामना गर्ने ।

३६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।७।३ को पत्रानुसार निमित्त प्रमुख आयुक्त ललितबहादुर लिम्वुलाई २४-२५ नोभेम्वर २००८ सम्म सिंगापुरमा ADB/OECD को 12th Steering group meeting र त्यसपछि २६-२८ नोभेम्वर २००८ सम्म 6th Regional Anti-Corruption Conference for Asia and the Pacific नामक सम्मेलनमा भाग लिन जान स्वीकृति दिने ।

३७. नेपाल ट्रष्टको कार्यालयको मिति २०६५।७।६ को पत्रलाई दृष्टिगत गरी नेपाल ट्रष्टको कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई काठमाडौं महानगरपालिका वडा नं. १३ मा रहेको कित्ता नं. १३,३३,४७,६४ र ६५ स्थित भवनमा स्थानान्तरण गर्ने ।

३८. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ स्वीकृत गर्ने ।

३९. सामान्य प्रशासन मन्त्रालय - विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ स्वीकृत गर्ने ।

४०. सामान्य प्रशासन मन्त्रालय - नारायणहिटी दरवारमा कार्यरत कर्मचारी र कागजातका सम्बन्धमा देहायबमोजिम गर्ने -

(क) नारायणहिटी दरवारमा कार्यरत कर्मचारीहरुमध्ये दरवारमा रहेका सामान जिम्मा लिएका र सरसफाई, बगैचाको हेरचाहमा संलग्न कर्मचारीलाई यथावत काम लगाउने र बाँकी अन्य कर्मचारीलाई तत्काल सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा हाजिर गराउने ।

(ख) खण्ड (क) अनुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा हाजिर हुने कर्मचारीलाई कुन कुन निकायमा काममा लगाउने हो सोको निर्णय सामान्य प्रशासन मन्त्रालयले गर्ने ।

(ग) नारायणहिटी दरवारमा रहेका सम्पूर्ण कागजात सम्बन्धित मन्त्रालयहरुलाई हस्तान्तरण गर्ने ।

(घ) नारायणहिटी दरवारमा कार्यरत कर्मचारीहरुको नियुक्ति, बढुवा सम्बन्धी विषय छानविन गरी यकीन गर्न सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा नारायणहिटी दरवारका सचिव श्री प्रदीप अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सह सचिव श्री महेन्द्रप्रसाद श्रेष्ठ, अर्थ मन्त्रालयका सह सचिव श्री भेषराज शर्मा सदस्य र सामान्य प्रशासन मन्त्रालयका उप सचिव श्री कुमारप्रसाद दाहाल सदस्य-सचिव रहेको कार्यदल गठन गर्ने ।

४१. सूचना तथा सञ्चार मन्त्रालय - रेडियो (दोस्रो संशोधन) विधेयक, २०६५ संविधान सभाको व्यवस्थापिका-संसदमा पेश गर्ने ।

४२. सूचना तथा सञ्चार मन्त्रालय - राष्ट्रिय प्रसारण (तेस्रो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

४३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना स्वीकृत गर्ने ।

४४. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८. बमोजिम मेशिन औजार तथा भारी उपकरण र सवारी साधनको लिलाम बिक्री एवं फरफारक गर्ने कार्य भए नभएको अनुगमन गर्ने र सो बमोजिम कार्य नभएको पाइएमा सो कार्य गर्न गराउन प्रशासन पुनःसंरचना आयोगका का.मु. सचिव श्री युवराज भुसालको संयोजकत्वमा अर्थ मन्त्रालय, गृह मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सह सचिव रहेको कार्यदल गठन गर्ने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल कार्तिक ८ गते रोज ६ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - "सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५" स्वीकृत गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - नेपालको अन्तरिम संविधान, २०६३ धारा १५९ को उपधारा (४) अनुसार का.म.न.पा. वडा नं. ३१ को कि.नं. २२३५ को ५-०-२-० रोपनी जग्गा राष्ट्रियकरण गरी ट्रष्टका नाममा उपलब्ध गराउने ।

३. अर्थ मन्त्रालय - नेपाली युवायुवतीहरूलाई व्यावसायिक सीप आर्जन गरी लाभप्रद रोजगार तथा स्वरोजगार हासिल गर्न सक्षम तुल्याउने सम्बन्धी परियोजनाको लागि विकास र सहयोगका लागि स्वीस नियोगबाट प्राप्त हुने ९ करोड बराबरको अनुदान सहायता स्वीकार गरी सम्झौता गर्ने ।

४. अर्थ मन्त्रालय - विश्व बैङ्कको SEA Group Executive Director Office को Advisor पदमा उपसचिव श्री मधुकुमार मरासिनीलाई मनोनयन गरी पठाउने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - चौकिदार स्व. केशरबहादुर गुरूङ्गको परिवारलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउने ।

६. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - सहन्यायाधिवक्ताहरु श्री पुष्पराज कोइराला, श्री टिकाबहादुर हमाल, श्री कुमार चुडाल, श्री सूर्यप्रसाद कोइरालालाई नायव महान्यायाधिवक्तामा बढुवा गर्ने ।

७. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - संविधान सभाका माननीय सदस्य कूलबहादुर गुरुङ्गलाई संविधान सभाको बैठकको अध्यक्षता गरेको अवधिको सुविधा उपलब्ध गराउने ।

८. गृह मन्त्रालय - स्व. नारायण खड्कालाई संस्थान कर्मचारी सहिद घोषणा गर्ने ।

९. गृह मन्त्रालय - स्व. श्रवणकुमार श्रेष्ठलाई संस्थान कर्मचारी सहिद घोषणा गर्ने ।

१०. गृह मन्त्रालय - स्व. मुकुन्दप्रसाद खनाललाई शिक्षक सहिद घोषणा गर्ने ।

११. गृह मन्त्रालय - राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश बमोजिम श्री यज्ञप्रसाद पन्तलाई पचास हजार, जीतजंग बस्नेतलाई तीस हजार, तोयाप्रसाद खतिवडा, बासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गंगाप्रसाद चौधरी, अच्युत रेग्मी, सरोजकुमार यादवलाई जनही बीस हजार क्षतिपूर्ति उपलब्ध गराउने ।

१२. गृह मन्त्रालय - मन्त्रिपरिषद्को २०६५।३।३० को निर्णयानुसार गठित प्रहरी विशेष अदालतको सदस्यमा प्रहरी नायव महानिरीक्षक मदनबहादुर खड्कालाई तोक्ने ।

१३. गृह मन्त्रालय - विभिन्न घटनामा परी घाइते भएकाहरूको तत्काल उपचारका लागि रकम निकासा गर्ने ।

१४. गृह मन्त्रालय - एकदेव आले स्मृति प्रतिष्ठानलाई दश लाख रुपैयाँ आर्थिक सहायता दिने ।

१५. गृह मन्त्रालय - केन्द्रीय हज कमिटीलाई नपुग बजेट निकासा दिने ।

१६. गृह मन्त्रालय - नेपाल-भारत गृहसचिवस्तरीय बैठकमा भाग लिन जाने प्रतिनिधिमण्डलको स्वरुप, वार्ताको अख्तियारी र बजेट स्वीकृति गर्ने

१७. गृह मन्त्रालय - प्रदिपकुमार खड्काको मृत्यु सम्बन्धमा जाँचबुझ गर्न गठित न्यायिक जाँचबुझ आयोगको म्याद १५ दिन थप गर्ने ।

१८. गृह मन्त्रालय - देहायबमोजिम गर्ने -

(क) अव्दुल मोइद खाँ समेतलाई आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) आर्थिक सहायता सम्बन्धी विशेष मापदण्डहरू, २०६४ लाई समसामयिक सुधार गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय, गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिवहरू रहनुभएको कार्यदल गठन गर्ने र सो कार्यदलले सुझाव सहितको संशोधनको प्रस्ताव मन्त्रिपरिषद् समक्ष पेश गर्ने ।

(ग) विभिन्न घटनाको क्रममा तत्काल समस्या समाधान गर्न विभिन्न तहमा हुने सम्झौताहरू गर्दा आर्थिक सहायता सम्बन्धी विशेष मापदण्डहरू, २०६४ को अधीनमा रही सम्झौता गर्ने गर्न सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने ।

१९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय – उच्चस्तरीय शान्ति आयोग गठन गर्ने विषयक अनुसूचीमा संशोधन गर्ने ।

२०. संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय - विक्रम संवत्, नेपाल संवत्, इस्वी संवत र आर्थिक वर्षको व्यावहारिक प्रयोगका सम्बन्धमा के कसो गर्नु उपयुक्त हुन्छ सुझाव पेश गर्न कार्यदल गठन गर्ने र निर्णयका लागि मन्त्रिपरिषद्समक्ष पेश गर्ने गरी नेपाल संवत् समेतलाई राष्ट्रिय संवतको रूपमा मान्यता प्रदान गर्ने ।

२१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकीकृत चिकित्सा अधिकृत, होमिप्याथी चिकित्सा अधिकृतहरुलाई आठौं तहमा शुरु नियुक्ति गर्न लोक सेवा आयोगमा विज्ञापनका लागि माग गर्ने ।

२२. <u>देहायबमोजिम गर्ने-</u>

(क) निजामती सेवालाई पूर्णरूपमा समावेशी बनाउन निजामती सेवा ऐन, २०४९ मा बढुवा प्रक्रियाद्वारा पूर्ति हुने पदहरू पनि समावेशी आधारमा पदपूर्ति गर्न कानून सुधारको कारवाही अघि बढाउने ।

(ख) नेपाल स्वास्थ्य सेवालाई समावेशी बनाउन नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई आवश्यक संशोधन गर्ने कारवाही अघि बढाउने ।

(ग) मन्त्रिपरिषद्बाट "नेपाल सरकारको पूर्ण, अधिकांश र आंशिक स्वामित्व भएका सार्वजनिक संस्थान, विकास समिति ऐन, २०१३ अन्तर्गत गठित विकास समिति, नियमनकारी निकाय (रेगुलेटरी बडी) एवं नेपाल सरकारद्वारा गठित अन्य संस्थाहरूलाई कर्मचारीको सेवाका शर्त तथा प्रशासन सम्बन्धी आ-आफ्ना प्रचलित कानूनमा निजामती सेवा ऐन (दोस्रो संशोधन), २०६४ र निजामती सेवा नियमावली (सातौं संशोधन), २०६४ मा रहेका समावेशी सम्बन्धी प्रावधान अनुरूप परिमार्जन गर्न सम्बन्धित मन्त्रालय मार्फत निर्देशन दिने । साथै, नेपाली सेनाको भर्ना सम्बन्धी कानूनमा सोही बमोजिम समावेशी बनाउन आवश्यक संशोधन गर्ने ।" भन्ने निर्णय भैसकेको हुँदा सोको कडाईका साथ पालना गर्ने गराउने । कुनै विशेष प्रकृतिका कार्य हुने र तोकिएको प्रतिशतमा समावेशी वनाउन कठिनाई हुने निकायहरुको हकमा समावेशीलाई छुट्याइएको कूल ४५ प्रतिशतलाई कायम राखी सोही समूह भित्र (महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्र) प्रतिशत निर्धारण गरी समायोजन गर्ने ।

२३. संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय - विभिन्न स्मृति प्रतिष्ठानहरूलाई आर्थिक सहायता उपलब्ध गराउन विभिन्न निकायबाट सिफारिश भई आउने गरेकोमा यस्ता प्रतिष्ठानहरूलाई आर्थिक सहायता प्रदान गर्ने निश्चित मापदण्ड अर्थ मन्त्रालयसँग समन्वय गरी संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयले तयार गरी स्वीकृतिका लागि मन्त्रिपरिषद् समक्ष पेश गर्ने। साथै, त्यस्ता प्रतिष्ठानको सम्पर्क मन्त्रालयको रूपमा संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयलाई तोक्ने।

२४. परराष्ट्र मन्त्रालय - व्यवस्थापिका संसदका तत्कालीन सदस्य डा. गङ्गाधर लम्सालको दुःखद निधन भएकोमा समवेदना व्यक्त गर्ने एवं उहाँको स्वास्थ्योपचार गराउँदा लागेको बील बमोजिमको खर्च नेपाल सरकारले व्यहोर्ने र वहाँको शव बैङ्ककबाट नेपाल ल्याउने व्यवस्था परराष्ट्र मन्त्रालयले मिलाउने

२५. संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय - नेपाल भाषा मंका खललाई नेपाल संवत् ११२९ को उपलक्ष्यमा विविध कार्यक्रमहरू सञ्चालन गर्न तीन लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने

२६. अर्थ मन्त्रालय - राष्ट्र सेवक कर्मचारीहरूको पारिश्रमिक वृद्धि गर्ने सम्बन्धी अनुसूची -१ को खण्ड ख. को अन्त्यमा देहायको व्यहोरा थप गर्ने-

(क) संविधान सभा/व्यवस्थापिका-संसदमा सत्ता पक्षका नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाल कम्युनिस्ट पार्टी (एमाले) र मधेशी जनअधिकार फोरम नेपालका प्रमुख सचेतकलाई मन्त्री सरहको पारिश्रमिक उपलब्ध गराउने ।

(ख) संविधान सभा/व्यवस्थापिका-संसदमा सत्ता पक्षका सदभावना पार्टी, जनमोर्चा नेपाल, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) प्रमुख सचेतक वा सचेतक मध्ये एकलाई राज्यमन्त्री सरहको पारिश्रमिक उपलब्ध गराउने ।

(ग) संविधान सभा/व्यवस्थापिका-संसदमा प्रमुख विपक्षी दलका प्रमुख सचेतक र सचेतक एकलाई क्रमश मन्त्री र राज्य मन्त्री सरहको पारिश्रमिक उपलब्ध गराउने ।

(घ) संविधान सभा/व्यवस्थापिका-संसदमा सत्ता पक्षका नेपाल कम्युनिस्ट पार्टी (माओवादी), नेपाल कम्युनिस्ट पार्टी (एमाले) र मधेशी जनअधिकार फोरम नेपालका सचेतकलाई राज्यमन्त्री सरहको पारिश्रमिक उपलब्ध गराउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल असोज १९ गते रोज १ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. गृह मन्त्रालय - कोशी तटबन्ध भत्किन गई बाढीबाट विस्थापित भएका तथा कैलाली र कञ्चनपुर जिल्लामा बाढीबाट प्रभावित जनसमुदायको राहत एवं पुनःस्थापनको कार्यमा संलग्न सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई राहत एवं पुनःस्थापनको कार्यमा कुनै अवरोध नहुने व्यवस्था मिलाउन सम्बन्धित प्रमुख जिल्ला अधिकारीमार्फत निर्देशन दिने । त्यस क्षेत्रमा कार्यरत राष्ट्रसेवकहरूले प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिएर एवं आलोपालो मिलाई बडा दशैंको विदामा बस्नुपर्नेछ । सो व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई गृह मन्त्रालयमार्फत निर्देशन दिने ।

२. वाणिज्य तथा आपूर्ति मन्त्रालय - खाद्यान्न न्यून भएका पहाडी जिल्लामा जुनसुकै माध्यमबाट आवश्यक परिमाणमा खाद्यान्न आपूर्तिको व्यवस्था मिलाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने तथा यसका लागि आवश्यक ढुवानी खर्च अर्थ मन्त्रालयले वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई उपलब्ध गराउने ।

३. अर्थ मन्त्रालय - राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्ने ।

४. कृषि तथा सहकारी मन्त्रालय - Bioversity International को स्थापनाको पक्ष राष्ट्र बन्ने ।

५. गृह मन्त्रालय - सम्माननीय राष्ट्रपतिको भ्रमणमा प्रयोग हुने हेलिकप्टरको खर्च स्वीकृत गर्ने ।

६. गृह मन्त्रालय - बेलायतसरकारले क्याप्टेन श्री शेरबहादुर पुन र श्री सरोजकुमार गुरुङ्गलाई प्रदान गर्न लागेको Member of the British Empire नामक विभूषण ग्रहण गर्न स्वीकृति दिने ।

७. गृह मन्त्रालय - अ.हे.व. पदमा कार्यरत स्व.सुरेशकुमार यादवलाई निजामती कर्मचारी शहीद घोषणा गर्ने ।

८. गृह मन्त्रालय - ओभरसीयर पदमा कार्यरत स्व.जीतेन्द्रप्रसाद साहलाई स्थानीय निकायको कर्मचारी शहीद घोषणा गर्ने ।

९. गृह मन्त्रालय - शा.अ. पदमा कार्यरत स्व.मोहनप्रसाद मैनालीलाई निजामती कर्मचारी शहीद घोषणा गर्ने ।

१०. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - SAF Regional Preparatory Consultation का लागि बजेट उपलब्ध गराउने ।

११. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय - कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण र सजाय) सम्बन्धी ऐन, २०६५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१२. वन तथा भू-संरक्षण मन्त्रालय - कार्टहिना प्रोटोकलको अनुमोदनको लागि संविधान सभामा पेश गर्ने ।

१३. वन तथा भू-संरक्षण मन्त्रालय - अब उप्रान्त वन क्षेत्रको जग्गाको भोगाधिकार दिने विषयको निर्णय गर्ने अधिकार मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिलाई प्रत्यायोजन गर्ने गरी वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही ल्याण्डफिल साइट निर्माणका लागि वन क्षेत्रको २४ रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउने ।

१४. वाणिज्य तथा आपूर्ति मन्त्रालय - सचिवलाई नयाँ दिल्लीमा हुने नेपाल-भारत वाणिज्य अन्तर-सरकारी समितिको बैठकमा भाग लिन पठाउने ।

१५. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - मा.मन्त्रीलाई दक्षिण कोरियामा आयोजना हुने सम्मेलनमा भाग लिन पठाउने ।

१६. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट पारित अभिसन्धिहरू तथा सुझावहरू संविधानसभामा जानकारीका लागि पठाउने ।

१७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - नेपाल डायविटीज एसोसियसनलाई Implementation of Primary Prevention Strategies for Type 2 diabetes विषयक अन्तर्राष्ट्रिय सम्मेलन गर्न रु. १ लाख अनुदान निकासा दिने ।

१८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - बेलबारी हत्याकाण्डका घाइतेहरुलाई निःशुल्क औषधोपचार गराउने ।

१९. गृह मन्त्रालय - माननीय उप-प्रधानमन्त्रीको स्वकीय सचिवालयको लागि स्वकीय सचिव (सह सचिवस्तरको पारिश्रमिक र सुविधा पाउने गरी) पद एक थप सृजना गर्ने ।

२०. सम्माननीय राष्ट्रपति एवं उपराष्ट्रपति र मन्त्रिपरिषद्का सदस्यहरुको स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरुलाई दशैं खर्च वापत एक महिनाको पारिश्रमिक बराबरको रकम उपलब्ध गराउने ।

२१. मन्त्रिपरिषद्, विधेयक समितिबाट सिफारिश भई आएवमोजिम नीतिगत विषयहरू समावेश भएका कुनै निर्देशिका, कार्यविधि, मापदण्ड आदि जारी गर्न पर्याप्त कानूनी आधार आवश्यक हुने सन्दर्भमा छुट्टै कानून बनाई व्यवस्थित गर्ने विषयमा सबै मन्त्रालयहरूलाई आवश्यक निर्देशन दिने।

२२. जलस्रोत मन्त्रालय - विद्युत (दोस्रो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

२३. सामान्य प्रशासन मन्त्रालय - निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) मा तोकिएको समयतालिका बमोजिम सरुवा गर्नुपर्नेमा संवत् २०६४ चैत २८ गते संविधान सभा सदस्यको निर्वाचन कार्यक्रम रहेका कारणले सो समयतालिका अनुसार सरुवा गर्न नसकिई विशेष अवस्था सिर्जना भएको र लामो अवधिसम्म सरुवाको प्रक्रिया अवरुद्ध हुँदा कार्यसञ्चालनमा कठिनाई परेकोले समेत उल्लिखित नियम ३६ को उपनियम (१) मा तोकिएको समय तालिका भन्दा अगावै पनि एकपटकका लागि दुई महिना भित्र निजामती सेवा ऐन, २०४९ को दफा १८ को अधिनमा रही आवश्यकता अनुसार सरुवा गर्न सकिने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल असोज १७ गते रोज ६ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. गृह मन्त्रालय - विगतको जनयुद्ध, जनआन्दोलन, मधेश/तराई आन्दोलन लगायतका जनक्रान्तिहरुमा राजनैतिक आस्थाका आधारमा लगाइएका सबै अभियोग तथा मुद्दाहरु फिर्ता लिन सैद्धान्तिक स्वीकृति दिने । यस सम्बन्धी आवश्यक कार्य गृह मन्त्रालयले कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयसंग समन्वय गरी मिलाउने ।

२. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - मा.मन्त्रीलाई भारतमा आयोजना हुने India and Nepal Partners for Democracy and Development विषयक सेमिनारमा भाग लिन जाने ।

३. गृह मन्त्रालय - चन्द्रबहादुर सेम्बु लिम्बु समेत ३७२ जना कैद माफी मिनाहा दिने ।

४. गृह मन्त्रालय - सुरक्षा अंगहरुलाई आधुनिकीकरण गर्न उच्चस्तरीय कार्यदल गठन गर्ने ।

५. गृह मन्त्रालय - ललितपुर इमाडोल निवासी प्रदीपकुमार खड्काको मृत्यु सम्बन्धमा जाँचबुझ गर्न गठित न्यायिक जाँचबुझ आयोगको म्याद थप गर्ने ।

६. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - मा. मन्त्रीले भारतमा हुने प्रथम नागरिक उड्डयन सम्बन्धी प्रदर्शनी तथा सम्मेलनमा भाग लिने ।

७. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - मा. मन्त्रीलाई इटलीमा High-Level Segment को बैठकमा भाग लिन पठाउने ।

८. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - अनमिनबाट दोस्रो चरणको प्रमाणिकरणमा योग्य ठहर भई शिविर वाहिर केन्द्रमा रहेका १५३ जना, दोस्रो चरणको प्रमाणिकरणमा अयोग्य ठहर भै शिविर वाहिर केन्द्रमा रहेका ४ जना, दोस्रो चरणको प्रमाणिकरणमा मात्र थप दर्ता भै योग्य ठहर भएका ६७९ जना, दोस्रो चरणको प्रमाणिकरणमा थप दर्ता भै अयोग्य ठहर भएका २५३ जनालाई भरणपोषण वापतको रकम अन्य योग्य ठहरिएका लडाकुहरुले पाए सरह प्रदान गर्ने ।

९. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - मुलुक नयाँ जनमुखी संविधान निर्माणको चरणमा प्रवेश गरिसकेको वर्तमान परिवेशमा मधेश/तराईका द्वन्द्वरत समूहलाई वार्ताद्वारा राष्ट्रिय जीवनको मूलधारमा ल्याई विद्यमान शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन नेपाल सरकारका तर्फवाट वार्ताका लागि आहवान गर्ने र प्रस्तावित वार्ता टोलीमा माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री जनार्दन शर्माको संयोजकत्वमा माननीय स्थानीय विकास मन्त्री रामचन्द्र झा र माननीय शिक्षा मन्त्री रेणुकुमारी यादवलाई सदस्य तोक्ने ।

१०. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा फिलिपिन्समा आयोजना हुने Global Forum on Migration and Development को दोस्रो बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने ।

११. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सुनसरीको इनरुवा अस्पताल, सगरमाथा अञ्चल अस्पताल, सप्तरीको कञ्चनपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्ने।

१२. गृह मन्त्रालय - राज्य रजौटा ऐन, २०१७ विधिवत खारेज गर्ने प्रक्रिया अघि बढाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।

१३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका सि.अ.हे.व. श्री जिवछप्रसाद शाह कोशी तटवन्ध फुट्न गई विस्थापित परिवारको स्वास्थ्यस्थितिको अनुगमन गर्न र उपचार कार्यमा संलग्न हुन जाँदा निजले प्रयोग गरेको मोटरसाइकल अज्ञात व्यक्तिहरुले तोडफोड गरी जलाई नष्ट गरिदिएको र निजसंग रहेको नौ हजार रुपैंया लुटी लगेकोमा यसरी सरकारी कामको सिलसिलामा जाँदा हुन गएको क्षति वापत निज शाहलाई जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी मार्फत एक लाख सैंतीस हजार रुपैंया आर्थिक सहायता उपलब्ध गराउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल असोज ४ गते रोज ७ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - प्रधानमन्त्री निवास र कार्यालयमा खटिने राष्ट्रिय अनुसन्धान विभागका १५ जना कर्मचारीलाई नेपाली सेना र नेपाल प्रहरीलाई दिए सरहको पोशाक भत्ता उपलब्ध गराउने ।

२. अर्थ मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त बैठकमा सहभागी हुन एक प्रतिनिधिमण्डल पठाउने ।

३. कानून, न्याय तथा संविधान-सभा व्यवस्था मन्त्रालय - संविधान सभाका सदस्य माननीय राजकुमार नाल्बो (लिम्बु) लाई थाइलैण्डमा गई उपचार गराउन पाँच लाख रुपैयाँ पेश्की उपलब्ध गराउने ।

४. कानून, न्याय तथा संविधान-सभा व्यवस्था मन्त्रालय - विशेष अदालतको अध्यक्षमा पुनरावेदन अदालत, बुटवलका न्यायाधिश श्री हरिवावु भट्टराई, सदस्यद्वयमा पुनरावेदन अदालत जनकपुरका न्यायाधिश श्री भोलाप्रसाद खरेल र पुनरावेदन अदालत विराटनगरका न्यायाधिश श्री ओमप्रकाश मिश्रलाई तोक्ने।

५. कृषि तथा सहकारी मन्त्रालय - तरकारी विकास निर्देशनालय, ललितपुरको नाममा रहेको ४ रोपनी जग्गा राष्ट्रिय चिया तथा कफि विकास बोर्डको नाममा हस्तान्तरण गर्ने ।

६. कृषि तथा सहकारी मन्त्रालय - माननीय मन्त्रीको नेतृत्वमा इजिप्टमा आयोजना हुने Sixth International Ministerial Conference on Avian and Pandemic Influenza विषयक सम्मेलनमा भाग लिन पठाउने ।

७. गृह मन्त्रालय - दुई जना नेपालीलाई The Efficiency Medal र तीस जनालाई नेपालीहरुलाई The Long Service Medals सिंगापुर सरकारले प्रदान गर्न लागेकोले सो विभूषण ग्रहण गर्न स्वीकृति प्रदान गर्ने ।

८. गृह मन्त्रालय - प्रजातान्त्रिक राष्ट्रिय युवा संघलाई एशिया तथा प्यासिफिक बैठक तथा कार्यशाला गोष्ठी गर्न पाँच लाख रुपैयाँ आर्थिक सहायता दिने ।

९. परराष्ट्र मन्त्रालय - सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा सम्माननीय राष्ट्रपतिबाट मित्रराष्ट्रहरुबाट नेपालका लागि प्रस्तावित राजदूतहरूको नियुक्ति प्रति सहमति प्रदान गर्ने, मित्रराष्ट्रहरुबाट नेपालका लागि नियुक्ति हुने राजदूतहरुले पेश गर्ने ओहोदाको प्रमाण पत्र सम्माननीय राष्ट्रपतिलाई सम्बोधन हुनुपर्ने, नेपाली राजदूतले सम्माननीय राष्ट्रपतिबाट मित्रराष्ट्रका राष्ट्रप्रमुखलाई सम्बोधन भएको प्रमाण पत्र लिएर जाने ।

१०. परराष्ट्र मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा संयुक्त राष्ट्रसंघ महासभाको ६३ औं नियमित अधिवेशनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

११. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी (चौथो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।

१२. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - मा. मन्त्रीलाई लण्डनमा आयोजना हुने नेपाल मेला, २००८ मा सहभागी हुन पठाउने ।

१३. भौतिक योजना तथा निर्माण मन्त्रालय - धोरसिंह मण्डुखोला मकवानपुरमा रहेको वेलिब्रिज हेटौंडा नगरपालिकालाई हस्तान्तरण गर्ने ।

१४. भौतिक योजना तथा निर्माण मन्त्रालय - अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको म्याद २०६७ असार मसान्तसम्म थप गर्ने ।

१५. रक्षा मन्त्रालय - महासेनानी श्री हिक्मतबहादुर चन्दलाई मानार्थ सहायक रथीको दर्जा दिने ।

१६. रक्षा मन्त्रालय - चीन सरकारको निमन्त्रणामा मा. मन्त्रीको नेतृत्वमा वारियर २००८ अभ्यासको अवलोकन एवं सद्भावना भ्रमणमा प्रतिनिधिमण्डल पठाउने ।

१७. वन तथा भू-संरक्षण मन्त्रालय - वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही नेपाल विद्युत प्राधिकरणलाई सामुदायिक वनको ५२ रोपनी जग्गा कुलेखानी तेस्रो जलविद्युत आयोजनालाई जग्गाको भोगाधिकार उपलब्ध गराउने ।

१८. वन तथा भू-संरक्षण मन्त्रालय - वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६३ को अधिनमा रही सिक्टा सिंचाई आयोजनालाई नहर निर्माणको लागि १०६ हेक्टर वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने ।

१९. वन तथा भू-संरक्षण मन्त्रालय - हरेक वर्ष असोज ७ गतेलाई राष्ट्रिय संरक्षण दिवस घोषणा गर्ने ।

२०. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - मा. मन्त्रीलाई जापानमा आयोजना हुने Science and Technology Ministers Roundtable Meeting and The Fifth Annual Meeting of the Sciece and Technology in Society Forum मा भाग लिन पठाउने ।

२१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - २०६५ असोज ५ गते अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउने ।

२२. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - राष्ट्रिय बारुदी सुरुङ्ग प्राविधिक समितिको कार्यावधि २०६५।४।१३ देखि एक वर्ष थप गर्ने ।

२३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सेनाका लडाकूहरुको भरणपोषण वापतको रकम वृद्धि गर्ने ।

२४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा संरचनाको लगत संकलन कार्यदल गठन गर्ने ।

२५. शिक्षा मन्त्रालय - नेपाल राष्ट्रिय आयोगका महासचिव श्री बालानन्द पौडेलको नेतृत्वमा फ्रान्समा आयोजना हुने युनेस्को कार्यकारिणी समितिको १८० औं बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डल पठाउने ।

२६. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक श्री युगेश्वर कापडीको राजीनामा स्वीकृत गर्ने ।

२७. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - विदेशी नागरिकलाई श्रम स्वीकृति प्रदान गर्दा देहायबमोजिमको शुल्क लिने -

(क) भारतीय नागरिकलाई वार्षिक एकमुष्ट रु. १०५०।-

(ख) अन्य विदेशी कामदार तथा कर्मचारीलाई वर्षिक एकमुष्ट रु. १०,०००।-

(ग) भारतीय वाहेक नेपालमा लगानी गरी बसेका अन्य विदेशी कामदार तथा कर्मचारीहरुलाई वर्षिक एकमुष्ट रु. ५,०००।-

२८. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - रा.प.प्रथम श्रेणीका महानिर्देशक श्री खगेन्द्रमणि पोखरेललाई निलम्बन गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने -

(क) निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६४ को उपदफा (१) बमोजिम निलम्बन गर्ने ।

(ख) सो सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयका सचिव - संयोजक, महान्यायाधिवक्ताको कार्यालयका विशिष्ट श्रेणीका अधिकृत र नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षक सदस्य रहेको समितिले एक महिना भित्र जाँचबुझ गरी पेश गरेको प्रतिवेदनको आधारमा कानून बमोजिम कारवाही अगाडि बढाउने ।

२९. सामान्य प्रशासन मन्त्रालय - सचिवको नेतृत्वमा फिलिपिन्समा आयोजना हुने EUROPA को कार्यकारी परिषदको बैठकमा प्रतिनिधिमण्डल पठाउने ।

३०. सूचना तथा सञ्चार मन्त्रालय - नेपाल पत्रकार महासंघका अध्यक्ष श्री धर्मेन्द्र झालाई औषधि उपचार गर्न पचास हजार रुपैयाँ उपलब्ध गराउने ।

३१. संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय - मा. मन्त्रीलाई नेपाली जनसरोकार समाज हङ्कङ्गको कार्यक्रममा सहभागी हुन पठाउने ।

३२. राष्ट्रिय योजना आयोग सचिवालयका राजपत्राङ्कित विशिष्ट श्रेणी (मुख्य सचिवस्तर) का विशेष अधिकृत श्री लोकमान सिंह कार्कीले आफ्नो पदबाट मिति २०६५।५।२५ गते दिनुभएको राजीनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने ।

३३. वन तथा भू-संरक्षण मन्त्रालय - इलामको चुलाचुली क्षेत्रको अव्यवस्थित वसोवास सम्बन्धी समस्या समाधान गर्नका लागि २०६४।४।१६ को मन्त्रिपरिषद्को निर्णयवाट स्वीकृत गठन आदेश बमोजिम गठन भएको चुलाचुली आयोगको म्याद समाप्त भएको मितिले ६ महिना थप गर्ने ।

३४. गृह मन्त्रालय - सद्भावना पार्टीका केन्द्रीय सदस्य श्री दुर्गा चौधरीलाई औषधोपचार वापत रू. पचास हजार आर्थिक सहायता उपलब्ध गराउने

३५. सामान्य प्रशासन मन्त्रालय - "संविधान सभा निर्वाचनको आचार संहिताको कारण निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (३) मा तोकिएको अवधि पूरा गरेका निजामती कर्मचारीलाई निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम (१) मा उल्लेखित समयतालिकाको कारण सरुवा गर्न कठिनाइ उत्पन्न भै सरकारी कामकाजमा समेत वाधा परेको" भन्ने विषय सैद्धान्तिक रूपमा स्वीकृत गर्ने ।

३६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - प्राइभेट फर्म रजिष्ट्रेशन (छैठौं संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने।

३७. यस अघिको मन्त्रिपरिषद्को निर्णयवाट मन्त्रिपरिषद्को कार्य सम्पादनमा सहयोग पु-याउन विभिन्न मितिमा गठन गरिएका समितिहरुलाई प्रत्यायोजन गरिएको अधिकारलाई यथावत राख्ने ।

४८. सिंहदरबार परिसरभित्रको साविकमा मुद्रण विभाग रहेको भवनमा हाल प्रशासकीय अदालत रही आएकोमा सो अदालतलाई रानीपोखरी, जमलस्थित केन्द्रीय कानून पुस्तकालय रहेको भवनको माथिल्लो तल्लामा स्थानान्तरण गर्ने र हाल सो अदालतले प्रयोग गरिरहेको भवनमा संस्कृति तथा राज्य पुनः संरचना मन्त्रालयलाई स्थानान्तरण गर्ने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल असोज ३ गते रोज ६ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. परराष्ट्र मन्त्रालय - सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा संयुक्त राष्ट्रसंघ महासभाको ६३ औं नियमित अधिवेशनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने।

२. अर्थ मन्त्रालय - बजेट वक्तव्य तथा अर्थ सम्बन्धी विधेयकहरु व्यवस्थापिका-संसदको चालू बैठकमा पेश गर्ने ।

३. अर्थ मन्त्रालय - अन्तःशुल्क (नवौं संशोधन) नियमावली, २०६५ र मदिरा (पहिलो संशोधन) नियमहरु, २०३३ स्वीकृत गर्ने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।

२०६५ साल भदौ २९ गते रोज १ का दिन बसेको मन्त्रिपरिषद्‌को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. सम्माननीय प्रधानमन्त्रीले आफ्नो नेतृत्वमा आज मिति २०६५ साल भदौ २९ गतेदेखि असोज २ गतेसम्म छिमेकी मित्रराष्ट्र भारतको औपचारिक भ्रमण सम्पन्न गर्ने जानकारी गराउनु भयो । दुई देशबीचको आपसी मित्रता र सम्बन्धलाई सुदृढ गराउन प्रस्तावित भ्रमण फलदायी हुने विश्वास गर्दै उक्त भ्रमणमा द्विपक्षीय हितका सम्पूर्ण पक्षहरुमा विचार विमर्श गरिने जानकारी गराउनु भयो ।

२. आततायीहरुबाट मिति २०६५ साल भदौ २८ गते साँझ छिमेकी मित्रराष्ट्र भारतको राजधानी नयाँ दिल्लीमा भएको श्रृखलाबद्ध वम विष्फोटबाट हुन गएको जनधनको क्षतिप्रति नेपाल सरकार गहिरो दुःख व्यक्त गर्दछ । नेपाल सरकार मानव सभ्यता विरुद्धका यस्ता कायरतापूर्ण घटनाको घोर निन्दा गर्दछ ।

३. अर्थ मन्त्रालय - का.मु. सचिवको नेतृत्वमा एशियाली विकास बैंकले उपलब्ध गराउने सहायता सम्बन्धमा नेपाल सरकार र उक्त बैंकका प्रतिनिधिहरु बीच सो बैंकको मुख्य कार्यालय मनिलामा हुने वार्तामा भाग लिन नेपाली वार्ता टोली पठाउने ।

४. गृह मन्त्रालय - प्रहरी महानिरीक्षक पदमा प्रहरी अतिरिक्त महानिरीक्षक श्री हेमबहादुर गुरुङलाई वढुवा गर्ने ।

५. गृह मन्त्रालय - प्रहरी नायव महानिरीक्षकहरु दीपेन्द्रबहादुर विष्ट, रमेशकुमार श्रेष्ठ, रविन्द्रप्रताप शाह र रमेशचन्द ठकुरीलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा वढुवा गर्ने ।

६. गृह मन्त्रालय - प्रदिपकुमार खड्काको मृत्यु सम्बन्धमा छानवीन गर्न जाँचबुझ आयोग गठन गर्ने ।

७. परराष्ट्र मन्त्रालय - सम्माननीय प्रधानमन्त्रीले गर्नुहुने गणतन्त्र भारतको औपचारिक भ्रमणमा प्रतिनिधिमण्डल पठाउने ।

८. युवा तथा खेलकूद मन्त्रालय - मा.मन्त्रीको नेतृत्वमा अजरबैजानमा आयोजना हुने चौथो विश्व युवा रोजगार सम्मेलनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

९. सूचना तथा संचार मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको भ्रमण गर्न प्रतिनिधिमण्डल पठाउने ।

१०. पुनर्गठन भई कायम भएका देहायका मन्त्रालयहरुको संगठन संरचना स्वीकृत गर्ने ।

    १. उद्योग मन्त्रालय
    २. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय (संविधान सभा व्यवस्था)
    ३. वाणिज्य तथा आपूर्ति मन्त्रालय
    ४. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
    ५. शिक्षा मन्त्रालय
    ६. युवा तथा खेलकूद मन्त्रालय

११. मन्त्रालयहरुको पुनर्गठन भई कायम भएका देहायका मन्त्रालयहरुमा हाललाई देहायका सचिवहरुलाई कायम गर्ने -

| | | | |
|---|---|---|---|
| १. | उद्योग मन्त्रालय | - | श्री जनकराज जोशी |
| २. | कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय (संविधान सभा व्यवस्था) | - | डा. त्रिलोचन उप्रेती |
| ३. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | - | श्री पुरुषोत्तम ओझा |
| ४. | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - | श्री लीलामणि पौडेल |
| ५. | शिक्षा मन्त्रालय | - | श्री बालानन्द पौडेल |
| ६. | युवा तथा खेलकूद मन्त्रालय | - | श्री शंकरप्रसाद पाण्डे |

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल भदौ २४ गते रोज ३ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. आर्थिक वर्ष २०६५।०६६ को लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५२ बमोजिम संवत् २०६५ भदौ २५ गतेका दिन विहान ११.०० बजे नेपाल सरकारको नीति कार्यक्रम प्रस्तुत गरी सम्बोधन गर्न सम्माननीय प्रधानमन्त्रीले सम्माननीय राष्ट्रपतिलाई अनुरोध गर्नुभएकोमा सोको समर्थन गर्ने ।

३. परराष्ट्र मन्त्रालय - संवत् २०६५ साल जेठ १५ गतेदेखि नेपाल विधिवत गणतान्त्रिक मुलुक भएकोले सो मिति भन्दा अघि तत्काल प्रचलित संविधान तथा अन्य प्रचलित कानून बमोजिम श्री ५ को सरकार, नेपाल अधिराज्य, नेपाल सरकार वा नेपालको नामबाट भए गरेका काम कारवाही, सम्पन्न गरेका वा पक्ष भएका द्विपक्षीय वा वहुपक्षीय सन्धि नेपाल गणतन्त्र भएपछिको नेपाल सरकारको हकमा लागू हुने र त्यस्ता सन्धिको नेपाल सरकार वा नेपाल पक्ष भएको मानिने र त्यस्ता सन्धि वहाल रहेसम्म त्यस अन्तर्गतको अधिकार, दायित्व र सुविधा नेपाल सरकार वा नेपालले प्रयोग वा निर्वाह गर्ने जानकारी नेपालस्थित सम्पूर्ण विदेशी राजदूतावास तथा संयुक्त राष्ट्र संघ तथा नेपाल सदस्य भएका अन्य अन्तर्राष्ट्रिय संस्थालाई परराष्ट्र मन्त्रालय मार्फत दिने ।

४. अर्थ मन्त्रालय - नेपाल आवास विकास वित्त कम्पनी लिमिटेडको ७२ लाख ६० हजार बरावरको रकम हक प्रद शेयरमा लगानी गर्ने ।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।४।१६ को पत्रबाट लेखिआएबमोजिम आगामी ३-६ अक्टोवर, २००८ सम्म Ukraine को Kieve मा सञ्चालन हुने International Association of Anti-Corruption Authorities (IAACA) को तेस्रो वार्षिक बैठकमा आयोगका आयुक्त श्री वेदप्रसाद शिवाकोटीको नेतृत्वमा सो आयोगका सचिव श्री भगवतीकुमार काफ्ले समेतको प्रतिनिधि मण्डललाई भाग लिन पठाउने । आयोगका सदस्य र सचिवलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा र प्रतिनिधिमण्डलको रजिष्ट्रेशन शुल्क उपलब्ध गराउने ।

६. नेपाल सरकार, कार्य विभाजन नियमावली, २०६४ को अनुसूची - २ को १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको क्र.सं.२२ को “राज्य:पुनर्सरचना” भन्ने कार्य संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालयको क्र.सं. १५ मा सारिएको छ ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल भदौ २१ गते रोज ७ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम देहायका समितिको संयोजक तथा सदस्यहरुमा देहाय बमोजिमका माननीय मन्त्रीहरुलाई तोक्ने -

(क) <u>राजनैतिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | सम्माननीय पुष्प कमल दाहाल 'प्रचण्ड', प्रधानमन्त्री | - | संयोजक |
| २. | माननीय बामदेव गौतम, उपप्रधानमन्त्री तथा गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय डा. बाबुराम भट्टराई, अर्थ मन्त्री | - | सदस्य |
| ४. | माननीय उपेन्द्र यादव, परराष्ट्र मन्त्री | - | सदस्य |
| ५. | माननीय रामबहादुर थापा, रक्षा मन्त्री | - | सदस्य |
| ६. | माननीय राजेन्द्र महतो, वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ७. | माननीय गिरिराजमणि पोखरेल, स्वास्थ्य तथा जनसंख्या मन्त्री | - | सदस्य |
| ८. | माननीय जनार्दन शर्मा, शान्ति तथा पुनर्निर्माण मन्त्री | - | सदस्य |
| ९. | माननीय गणेश शाह, वातावरण, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |

(ख) <u>प्रशासन समिति</u>

| | | | |
|---|---|---|---|
| १. | सम्माननीय पुष्प कमल दाहाल 'प्रचण्ड', प्रधानमन्त्री | - | संयोजक |
| २. | माननीय बामदेव गौतम, उपप्रधानमन्त्री तथा गृह मन्त्री | - | सदस्य |
| ३. | माननीय विजयकुमार गच्छदार, भौतिक योजना तथा निर्माण मन्त्री | - | सदस्य |
| ४. | माननीय कृष्णबहादुर महरा, सूचना तथा सञ्चार मन्त्री | - | सदस्य |
| ५. | माननीय पम्फा भुसाल, सामान्य प्रशासन मन्त्री | - | सदस्य |
| ६. | माननीय रामचन्द्र झा, स्थानीय विकास मन्त्री | - | सदस्य |

(ग) <u>सामाजिक समिति</u>

| | | | |
|---|---|---|---|
| १. | सम्माननीय पुष्प कमल दाहाल 'प्रचण्ड', प्रधानमन्त्री | - | |
| २. | माननीय जयप्रकाश प्रसाद गुप्ता, कृषि तथा सहकारी मन्त्री | - | संयोजक |
| ३. | माननीय , भूमिसुधार तथा व्यवस्था मन्त्री | - | सदस्य |
| ४. | माननीय गोपाल शाक्य, युवा तथा खेलकूद मन्त्री | - | सदस्य |
| ५. | माननीय गिरिराजमणि पोखरेल, स्वास्थ्य तथा जनसंख्या मन्त्री | - | सदस्य |
| ६. | माननीय रेणुकुमारी यादव, शिक्षा मन्त्री | - | सदस्य |
| ७. | माननीय गोपाल किराँती, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्री | - | सदस्य |
| ८. | माननीय रामचन्द्र झा, स्थानीय विकास मन्त्री | - | सदस्य |
| ९. | माननीय किरण गुरुङ्ग, वन तथा भू-संरक्षण मन्त्री | - | सदस्य |
| १०. | माननीय लेखराज भट्ट, श्रम तथा यातायात व्यवस्था मन्त्री | - | सदस्य |
| ११. | माननीय गणेश शाह, वातावरण, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |

(घ) <u>आर्थिक तथा पूर्वाधार समिति</u>

| | | | |
|---|---|---|---|
| १. | माननीय डा. बाबुराम भट्टराई, अर्थ मन्त्री | - | संयोजक |
| २. | माननीय विजयकुमार गच्छदार, भौतिक योजना तथा निर्माण मन्त्री | - | सदस्य |
| ३. | माननीय विष्णु पौडेल, जलस्रोत मन्त्री | - | सदस्य |
| ४. | माननीय कृष्णबहादुर महरा, सूचना तथा सञ्चार मन्त्री | - | सदस्य |
| ५. | माननीय जयप्रकाश प्रसाद गुप्ता, कृषि तथा सहकारी मन्त्री | - | सदस्य |
| ६. | माननीय अष्टलक्ष्मी शाक्य, उद्योग मन्त्री | - | सदस्य |
| ७. | माननीय राजेन्द्र महतो, वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ८. | माननीय हिसिला यमी, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | - | सदस्य |
| ९. | माननीय जनार्दन शर्मा, शान्ति तथा पुनर्निर्माण मन्त्री | - | सदस्य |
| १०. | माननीय लेखराज भट्ट, श्रम तथा यातायात व्यवस्था मन्त्री | - | सदस्य |

११. माननीय गणेश शाह, वातावरण, विज्ञान तथा प्रविधि मन्त्री - सदस्य

(ङ) <u>विधेयक समिति</u>

१. माननीय देवप्रसाद गुरुङ्ग, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्री - संयोजक
२. माननीय राजेन्द्र महतो, वाणिज्य तथा आपूर्ति मन्त्री - सदस्य
३. माननीय पम्फा भुसाल, सामान्य प्रशासन मन्त्री - सदस्य
४. माननीय अष्टलक्ष्मी शाक्य, उद्योग मन्त्री - सदस्य
५. माननीय रेणुकुमारी यादव, शिक्षा मन्त्री - सदस्य
६. माननीय गिरिराजमणि पोखरेल, स्वास्थ्य तथा जनसंख्या मन्त्री - सदस्य
७. माननीय गणेश शाह, वातावरण, विज्ञान तथा प्रविधि मन्त्री - सदस्य

(च) <u>राजनीतिक नियुक्ति सिफारिश समिति</u>

१. माननीय बामदेव गौतम, उपप्रधानमन्त्री तथा गृह मन्त्री - संयोजक
२. माननीय उपेन्द्र यादव, परराष्ट्र मन्त्री - सदस्य
३. माननीय देवप्रसाद गुरुङ्ग, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्री - सदस्य
४. माननीय राजेन्द्र महतो, वाणिज्य तथा आपूर्ति मन्त्री - सदस्य
५. माननीय गिरिराजमणि पोखरेल, स्वास्थ्य तथा जनसंख्या मन्त्री - सदस्य
६. माननीय गणेश शाह, वातावरण, विज्ञान तथा प्रविधि मन्त्री - सदस्य
७. सम्बन्धित मन्त्री - सदस्य

२. अर्थ मन्त्रालय - सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६५ स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय - नर्वेको सर्वोच्च लेखापरीषण संस्थाका विशेषज्ञ टोलीको आतिथ्यका लागि महालेखा परीक्षकको कार्यालयलाई ३,३०,२५० रुपैया निकासा दिने ।

४. अर्थ मन्त्रालय - उप महालेखा परीक्षक श्री बद्रीबहादुर कार्कीलाई महालेखा परीक्षकको कार्यालयको संस्थागत क्षमता अभिवृद्धिका लागि नर्वेको सर्वोच्च लेखापरीक्षण संस्थासंगको छलफल कार्यक्रममा भाग लिन पठाउने ।

५. अर्थ मन्त्रालय - चिनीको आयातमा भन्सार महशूल आंशिक छुट दिने ।

६. अर्थ मन्त्रालय - नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थानहरुमा संचालकहरुले निर्वाह गर्नुपर्ने काम, कर्तव्य र आचरण स्वीकृत गर्ने ।

७. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय - संविधान सभा अदालतको लागि थप बजेट निकासा दिने ।

८. गृह मन्त्रालय - बारा जिल्लाको छातापिप्रास्थित रोलिंग मिलमा घटेको घटनामा परी मृतक केवल राउत र हरेराम यादवका आश्रित परिवारलाई राहत स्वरुप प्रति व्यक्ति दश लाख रुपैयाँ उपलब्ध गराउने र यस्ता प्रकृतिको घटनामा परेकाका लागि के कति रकम दिने भन्ने सम्बन्धमा नेपाल सरकारबाट प्रदान हुने आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०६४ मा सुधार गर्ने ।

९. जलस्रोत मन्त्रालय - निजामती सेवा ऐन, २०४९ को दफा २०क. बमोजिम बढुवा नियुक्ति गर्ने अख्तियार देहायको समितिलाई प्रत्यायोजन गर्ने गरी वरिष्ठ ऊर्जा अधिकृत श्री धनलाल श्रेष्ठलाई एक श्रेणी माथिको पदमा बढुवा गर्ने -

(क) सामान्य प्रशासन मन्त्री - संयोजक
(ख) सम्बन्धित मन्त्री - सदस्य
(ग) नेपाल सरकारको मुख्य सचिव - सदस्य
(घ) सम्बन्धित मन्त्रालयका सचिव - सदस्य
(ङ) सामान्य प्रशासनका सचिव - सदस्य सचिव

१०. भौतिक योजना तथा निर्माण मन्त्रालय - मा.मन्त्रीलाइ फिलिपिन्समा आयोजना हुने Sharing Best Practices in Water Supply and Wastewater Management विषयक अध्ययन भ्रमणमा भाग लिन पठाउने ।

११. रक्षा मन्त्रालय - उपरथी श्री नेत्रबहादुर थापालाई स्वीजरल्याण्डमा आयोजना हुने Workshop on International Rules Governing Military Operations मा भाग लिन पठाउने ।

१२. रक्षा मन्त्रालय - उपरथी श्री नेत्रबहादुर थापाको नेतृत्वमा अधिकृत क्याडेट भर्ना छनौट प्रकृयाको अध्ययन गर्न भारतको अध्ययन भ्रमणमा पठाउने ।

१३. रक्षा मन्त्रालय - उपरथी श्री अनिलजंग थापालाई संयुक्त राज्य अमेरिकामा संचालन हुने International Defence Transformations Course मा भाग लिन पठाउने ।

१४. रक्षा मन्त्रालय - उपरथी श्री रामबहादुर गुरुङलाई संयुक्त राज्य अमेरिकामा संचालन हुने NESA Senior Executive Alumni Symposium मा भाग लिन पठाउने ।

१५. रक्षा मन्त्रालय - नेपाली राजदूतावासको सैनिक सहचारी पदमा महासेनानी गणेशबहादुर भण्डारी र नेपाली राजदूतावास भारतको सैनिक सहचारी पदमा महासेनानी अशोक नरसिंह राणालाई नियुक्ति गर्ने ।

१६. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकूहरुलाई प्रति लडाकु प्रति दिन रु. ७०।- भरणपोषण खर्च उपलब्ध गराउने ।

१७. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - मा. शान्ति तथा पुनर्निर्माण मन्त्रीको संयोजकत्वमा लडाकू रेखदेख तथा व्यवस्थापन समिति गठन गर्ने ।

१८. शान्ति तथा पुनर्निर्माण मन्त्रालय - नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ति समाज महासंघका प्रतिनिधिबीच भएको पाँच बुँदे सहमति अनुमोदन गर्ने ।

१९. श्रम तथा यातायात व्यवस्था मन्त्रालय - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ को अधिनमा रही वैदेशिक रोजगार व्यवसायीहरुले जम्मा गर्नुपर्ने धरौटी जम्मा गर्ने म्याद थप गर्ने ।

२०. सामान्य प्रशासन मन्त्रालय - निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६५ स्वीकृत गर्ने ।

२१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - मा. मन्त्रीको नेतृत्वमा भारतमा आयोजना हुने २६ औं विश्व स्वास्थ्य संगठन, दक्षिण पूर्वी एशिया क्षेत्रका सदस्य राष्ट्रका स्वास्थ्य मन्त्रीस्तरीय बैठक तथा विश्व स्वास्थ्य संगठन, दक्षिण पूर्वी एशिया क्षेत्रीय समितिको २६ औं सेसनमा भाग लिन प्रतिनिधिमण्डल पठाउने ।

२२. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा १८. को उपदफा (२) बमोजिमको समितिले सिफारिश गरेबमोजिम देहायबमोजिम सरुवा गर्ने -

| **क.सं.** | **नाम थर** | **हालको पद र कार्यरत निकाय** | **सरुवा भएको पद र निकाय** |
|---|---|---|---|
| १. | श्री दीपेन्द्रविक्रम थापा | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, सामान्य प्रशासन मन्त्रालय |
| २. | श्री उमेशप्रसाद मैनाली | सचिव, गृह मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री अवनिन्द्रकुमार श्रेष्ठ | समन्वयकर्ता, शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय | हाललाई सचिव, संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय |
| ४. | डा. गोविन्दप्रसाद कुसुम | सचिव, सामान्य प्रशासन मन्त्रालय | सचिव, गृह मन्त्रालय |

२३. निजामती सेवा ऐन, २०४९ को दफा १८. को उपदफा (२) बमोजिमको समितिको सिफारिशमा नेपाल सरकारको निजामती सेवा, नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरुलाई न्याय सेवा आयोगबाट समर्थन गराउने गरी देहायबमोजिम सरुवा गर्ने -

| **क.सं.** | **नाम थर** | **हालको पद र कार्यरत निकाय** | **सरुवा भएको पद र निकाय** |
|---|---|---|---|
| ५. | श्री माधव पौडेल | सचिव, प्रधानमन्त्री तथा | सचिव, कानून, न्याय तथा |

| | | | |
|---|---|---|---|
| | | मन्त्रिपरिषद्को कार्यालय | संविधान सभा व्यवस्था मन्त्रालय |
| ६. | डा. कुलरत्न भुर्तेल | सचिव, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

२४. स्थानीय विकास मन्त्रालयको रिक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव पदमा सोही मन्त्रालयका नेपाल प्रशासन सेवा, राजपत्रांकित प्रथम श्रेणीका सह सचिव श्री गंगादत्त अवस्थीलाई कायम मुकायम मुकरर गर्ने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल भदौ १९ गते रोज ५ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रस्तुत गरेको “कोशी तटवन्ध भत्किई क्षतिग्रस्त क्षेत्रको लागि राहत तथा पुनःस्थापना कार्यक्रम, २०६५” देहायबमोजिम गर्ने गरी स्वीकृत गर्ने -
   (क) उल्लिखित कार्यक्रमको खण्ड-५ मा रहेको “रु. २ अर्ब ४८ करोड ३९ लाख ७८ हजार” भन्ने शब्दहरुको सट्टा “दुई अर्ब पचास करोड रुपैयाँ” भन्ने शब्दहरु राखी सोही बमोजिम विनियोजन हुने रकममा समानुपातिक तवरले समायोजन हुने गरी सो कार्यक्रम स्वीकृत गर्ने ।
   (ख) राहत तथा पुनःस्थापना गर्न तत्काल पचास करोड रुपैयाँ विभिन्न क्षेत्रका लागि विनियोजन गर्ने । यस्तो रकम निकासा दिंदा क्षेत्रगत मन्त्रालयका लागि हाललाई अनुमान गरिएको रकमको बीस प्रतिशत मात्र अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई निकासा दिने ।
   (ग) राहत वितरण एवं पुनःस्थापनाको कार्यलाई प्रभावकारी बनाउन माननीय उपप्रधानमन्त्रीको संयोजकत्वमा माननीय रक्षा मन्त्री र माननीय भौतिक योजना तथा निर्माण मन्त्री रहेको केन्द्रीय अनुगमन समिति गठन गर्ने ।

२. कोशी तटवन्ध भत्किई बाढीद्वारा क्षतिग्रस्त भएको क्षेत्रको राहत तथा पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट माननीय उपप्रधानमन्त्रीको संयोजकत्वमा गठित केन्द्रीय व्यवस्थापन तथा अनुगमन समितिको कार्यक्षेत्रगत शर्तहरु (Terms of Reference) देहायबमोजिम हुनेछ :
   १. मन्त्रिपरिषद्को मिति २०६५।५।१९ गते स्वीकृत भएको राहत तथा पुनःस्थापन कार्यक्रममा उल्लेख भएका राहत तथा पुनःस्थापन कार्यक्रमहरुको योजनावद्ध कार्यान्वयनको व्यवस्थापन तथा अनुगमन गर्ने ।
   २. स्थानीयस्तरमा रहेका राजनैतिक दल, नागरिक समाज, निजीक्षेत्र तथा प्रभावित सरोकारवालाहरुको प्रतिनिधि समेतको राहत व्यवस्थापन, वितरण र अनुगमनको संयन्त्र विकास गर्ने ।
   ३. बाढी पीडितको पुनःस्थापनाका लागि आवश्यक कार्यक्रम तथा उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने ।
   ४. शिविर व्यवस्थापन व्यवस्थित भए वा नभएको, उपलब्ध राहत सामाग्री लक्षित समूहमा पुगे वा नपुगेको र दुरुपयोग भएको वा नभएको सोको अनुगमन गर्ने र दुरुपयोग भएको पाइएमा तत्कालै रोकी कारवाई गर्न आवश्यक व्यवस्था गर्ने ।
   ५. पूर्व पश्चिम राजमार्ग संचालन नभएसम्मका लागि बैकल्पिक उपाय तथा मार्ग पहिचान गरी आवागमन व्यवस्थित गर्ने ।
   ६. राहत तथा निर्माण सामग्री खरिद गर्दा कुनै वाधा अडचन वा कठिनाई देखिएमा सोको निराकरणका लागि मन्त्रिपरिषद्मा भएको अख्तियारी प्रयोग गरी वाधा अडचन वा कठिनाई फुकाउने ।
   ७. राहत तथा पुनःस्थापन कार्यक्रमको लागि आवश्यक कर्मचारी खटन पटन गर्ने गराउने ।
   ८. राहत व्यवस्थापन तथा वितरण र प्रभावित परिवारहरुको पुनःस्थापनका लागि अन्तर सरकारी निकायहरु बीच समन्वय गर्ने ।
   ९. विस्थापित परिवारहरुको पुनःस्थापन र निजहरुको जिविकोपार्जनका लागि के कस्तो सहयोग नेपाल सरकारबाट उपलब्ध गराउनु पर्ने हो सोको पहिचान तथा लेखाजोखा गरी नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
   १०. क्षतिको प्रकृति हेरी विस्थापित परिवारलाई निश्चित मापदण्डको आधारमा कृषि ऋण तथा मालपोत लगायत अन्य सुविधा छुट र सहुलियत उपलब्ध गराउन मन्त्रिपरिषद् समक्ष सिफारिश गर्ने ।

११. विस्थापित परिवारको घर निर्माण तथा जिविकोपार्जनका लागि आवश्यक सहुलियत ऋण तथा रोजगार-स्वरोजगार व्यवस्था गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी मन्त्रिपरिषद् समक्ष सुझाव पेश गर्ने ।

१२. राहत व्यवस्थापन तथा विस्थापित परिवारहरुको पुनःस्थापनका सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने वा गराउने ।

३. गृह मन्त्रालय - सुनसरी जिल्लाको सप्तकोशी पीडित क्षेत्रलाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले सप्तकोशी नदीको तटवन्ध कटानका कारण वाढी तथा डुवानमा परी संकटमा परेका देहायका क्षेत्रलाई अर्को सूचना प्रकाशित नभएसम्म संकटग्रस्त क्षेत्र घोषणा गर्ने ।

(क) सुनसरी जिल्लाको पश्चिम कुशाहा, श्रीपुरजब्दी, हरिपुर, लौकही बसन्तपुर, भोक्राहा, धुस्की, मधुवन, नरसिङ्ग, रामनगर भूटाह तथा सोसंग सीमा जोडिएका गाउँ विकास समिति र नगरपालिका क्षेत्र ।

(ख) सप्तरी जिल्लाको भारदह तथा सोसंग सीमा जोडिएका गाउँ विकास समिति क्षेत्र ।

४. अर्थ मन्त्रालय - युरोपेली आयोगले नेपाललाई उपलब्ध गराउने सहायता सम्बन्धमा तयार भएको National Indicative Programme (NIP) 2007-2010 सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्ने ।

५. अर्थ मन्त्रालय - प्रा.डा. श्रीराम पौड्याललाइ वरिष्ठ आर्थिक सल्लाहकार नियुक्ति गर्ने ।

६. परराष्ट्र मन्त्रालय - माननीय परराष्ट्र मन्त्रीको सल्लाहकारमा श्री श्यामानन्द सुमनलाई नियुक्त गर्ने ।

७. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय - मा. मन्त्रीलाई भारतमा आयोजन हुने First Meeting of the SAARC Minister of Science and Technology मा भाग लिन पठाउने ।

८. पश्चिम नेपालबाट काठमाडौंमा आई आफ्ना विभिन्न माग राखी संघर्षरत हलियाहरुको समस्या समाधान गर्न वार्ताको आह्वान गर्ने र शान्ति तथा पुनर्निर्माण मन्त्रीले निजहरुसंग वार्ता गरी समस्या समाधान गर्ने ।

९. वाणिज्य तथा आपूर्ति मन्त्रालय - पेट्रोलियम पदार्थको मौज्दात वृद्धिका लागि रकम उपलब्ध गराउने सम्बन्धमा पेट्रोलियम पदार्थको आपूर्ति नियमित गर्न १५ दिनसम्मका लागि पेट्रोलियम पदार्थको आवश्यक मौज्दात राख्न खरिद गर्ने प्रयोजनका लागि बैङ्क तथा वित्तिय संस्थाबाट नेपाल आयल निगमलाई ऋण उपलब्ध गराउन एक पटकका लागि भविष्यमा नजिर नरहने गरी निगमले ऋण समयमा नतिरेमा सो ऋण नेपाल सरकारले तिरी दिने प्रतिवद्धता दिने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल भदौ १५ गते रोज १ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -"नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०६५" स्वीकृत गर्ने ।
२. अर्थ मन्त्रालय - "भ्रमण खर्च (तेस्रो संशोधन) नियमावली, २०६५" स्वीकृत गर्ने ।
३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - "दक्षिण कोरियाको राजधानी सिउलमा २०६५ कार्तिक ६ देखि १५ गतेसम्म सञ्चालन हुने E-government System Integration सम्बन्धी कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री विन्द्रा हाडालाई भाग लिन पठाउने ।"
४. अर्थ मन्त्रालय - बुटवलमा नेपाल-कोरिया प्राविधिक संस्था स्थापनार्थ कोरिया सरकारबाट प्राप्त हुने चौतिस करोड चालिस लाख बराबरको अनुदान सहायता स्वीकार गरी समझदारी पत्रमा हस्ताक्षर गर्ने ।
५. अर्थ मन्त्रालय - प्राथमिक विद्यालय निर्माण आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट प्राप्त हुने पचपन्न करोड रुपैया बराबरको अनुदान सहायता स्वीकार गरी आदान प्रदान पत्रमा हस्ताक्षर गर्ने ।
६. अर्थ मन्त्रालय - एकीकृत कीट व्यवस्थापन कार्यक्रम दोस्रो चरण सञ्चालनका लागि नर्वे सरकारले प्रदान गर्ने चौतिस करोड बरावरको अनुदान सहायता स्वीकार गरी समझदारी पत्रमा हस्ताक्षर गर्ने ।
७. भौतिक योजना तथा निर्माण मन्त्रालय - "फिलिपिन्सको राजधानी मनिलामा सेप्टेम्वर ९-१२, २००८ मा संचालन हुने Asia on the Move : Energy Efficient and Inclusive Transport विषयक कार्यक्रममा भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव श्री पूर्ण कडरियाले भाग लिने ।"
८. सामान्य प्रशासन मन्त्रालय - आ.व. ०६३।६४ को निजामती सेवा पुरस्कार प्रदान गर्ने ।
९. स्थानीय विकास मन्त्रालय - निजामती कर्मचारी लगायतको तलव २०६४ साल श्रावण १ गतेदेखि वृद्धि भएको अनुपातबमोजिम राष्ट्रिय दलित आयोगका पदाधिकारीको पनि २०६४ असार मसान्तमा कायम मासिक भत्ता २०६४ साल श्रावण १ गतेदेखि वृद्धि गर्ने ।
१०. गृह मन्त्रालय - संविधान सभा सदस्य निर्वाचनका समयमा विभिन्न जिल्लाहरुमा घटेका घटना र सो घटनामा परी मृत्यु भएकाहरुका सम्बन्धमा न्यायिक जाँचबुझ गर्न गठित जाँचबुझ आयोगको म्याद समाप्त भएको मितिले ११ दिन म्याद थप गर्ने ।
११. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेल, सदस्यहरु डा. पुष्पराज राजकर्णिकार, श्री इन्द्रिरा श्रेष्ठ, डा. पोषराज पाण्डे, डा. चैतन्य सुब्बा, श्री रमाकान्त गौरो थारु, श्री भीमप्रसाद न्यौपाने, श्री दीपेन्द्रबहादुर क्षेत्री, प्रा. महेश्वरमान श्रेष्ठले दिनुभएको राजिनामा स्वीकृत गर्ने र वहाँहरुले आजसम्म गर्नुभएको कामको लागि धन्यवाद दिने ।
१२. राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा ललितपुर, सानेपा निवासी डा. पिताम्वर शर्मालाई नियुक्ति गर्ने ।
१३. अर्थ मन्त्रालय - नेपाल सरकारका विशिष्ट पदाधिकारीहरुलाई सरकारी कामको सिलसिलामा मुलुक बाहिर जाँदा भैपरी खर्च उपलब्ध गराउने निर्णय भएकोमा सो निर्णय खारेज गर्ने ।
१४. अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री रामेश्वरप्रसाद खनाललाई अर्थ मन्त्रालयको सचिव पदमा कायम गर्ने र रिक्त हुन आउने सचिव (राजस्व) पदमा अर्थ मन्त्रालयका सह सचिव श्री कृष्णहरि वास्कोटालाई कायम मुकायम मुकरर गर्ने ।
१५. राष्ट्रपतिको कार्यालयको मिति २०६५।५।१२ को पत्रानुसार भारतको लोक सभा, विधान सभा र संयुक्त सदनमा राष्ट्रपति उपस्थित हुने र सम्बोधन गर्ने समारोह व्यवस्थापन सम्बन्धी अध्ययन एवं अवलोकन गर्ने प्रयोजनको लागि राष्ट्रपतिको कार्यालयका सचिव डा. रामहरि अर्याललाई २०६५ भदौ १५ गतेदेखि १८ गतेसम्म भारत भ्रमणमा पठाउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

२०६५ साल भदौ ६ गते रोज ६ का दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयहरुबाट प्राप्त प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको छ –

१. नेपालको लोकतान्त्रिकरणका लागि जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति सम्मान एवं हार्दिक श्रद्धाञ्जलि अर्पण गर्ने ।

२. तत्कालीन मन्त्रिपरिषद्का प्रधानमन्त्री माननीय गिरिजाप्रसाद कोइराला र उक्त मन्त्रिपरिषद्का सबै माननीय सदस्यहरुलाई संविधानसभाको चुनाव सम्पन्न गर्ने, गणतन्त्र घोषणा गर्ने लगायत मुलुकमा लोकतन्त्रको स्थापना गर्न पुऱ्याउनु भएको योगदानको लागि हार्दिक धन्यवाद व्यक्त गर्ने ।

३. ने.क.पा. (माओवादी), ने.क.पा. (एमाले) र मधेशी जनअधिकार फोरम, नेपालका शीर्षस्थ नेताहरुबाट हस्ताक्षर भएको "राष्ट्रिय संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम, २०६५" स्वीकृत गर्ने ।

४. ने.क.पा. (माओवादी), ने.क.पा. (एमाले) र मधेशी जनअधिकार फोरम, नेपालका शीर्षस्थ नेताहरुबाट हस्ताक्षर भएका देहाय बमोजिमका दस्तावेजहरु स्वीकृत गरी ती दस्तावेजहरुमा नेपाल सरकारको तर्फबाट कार्यान्वयन गर्नुपर्ने विषय कार्यान्वयन गर्ने -

   (क) राष्ट्रिय संयुक्त सरकार सञ्चालनको सामान्य विधि र मान्यता, २०६५

   (ख) राष्ट्रिय संयुक्त सरकारका मन्त्रीहरुले पालना गर्नुपर्ने आचार संहिता, २०६५

   (ग) राजनैतिक समन्वय समिति गठन सम्बन्धी सहमति, २०६५

५. पूर्वी नेपालको सप्तकोशी नदीको तटबन्ध फुटेर आएको बाढीबाट घरजग्गा तथा अमूल्य जनधन गुमाउन पुगेका एवं बाढीबाट विस्थापित भएका आदरणीय नेपाली दिदीबहिनी तथा दाजुभाइहरूलाई लक्ष्यित गरी उक्त विपत्तिपूर्ण घटनाप्रति नेपाल सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्रीले मिति २०६५।५।५ गते जारी गर्नुभएको अपील अनुमोदन गर्ने ।

६. परराष्ट्र मन्त्रालय - सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा जनवादी गणतन्त्र चीनको राजधानी वेइजिङमा आयोजना भइरहेको २९ औं गृष्मकालीन ओलम्पिक खेलकूदको समापन समारोहमा भाग लिने ।

७. अर्थ मन्त्रालय - महालेखा नियन्त्रकलाई पाकिस्तानको इस्लामावादमा हुने दक्षिण एशियाली राष्ट्रका महालेखा नियन्त्रकहरूको संगठन (Association of Government Accounts Organizations of Asia) मा भाग लिन पठाउने ।

८. सप्तकोशी नदीमा आएको बाढीबाट पीडित तथा विस्थापित एवं देशका अन्य भागमा आएका बाढी पहिरोबाट पीडित जनताको राहतका लागि मन्त्रिपरिषद्का सबै माननीय मन्त्रीहरूले दश दिनको पारिश्रमिक रकम सहयोग प्रदान गर्ने ।

९. नेपाल सरकार, मन्त्रिपरिषद्को प्रवक्तामा माननीय सूचना तथा संचार मन्त्री कृष्णबहादुर महरालाई तोक्ने ।

१०. परराष्ट्र मन्त्रालय - माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा भारतको नयाँ दिल्लीमा यही २०६५ भदौ १३ गते आयोजना हुने BIMSTEC को १० औं मन्त्रीस्तरीय बैठकमा भाग लिन प्रतिनिधि मण्डल पठाउने ।

द्रष्टव्य :- निर्णयसंग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।